## गाउँपालिकाका अध्यक्ष श्री दिर्घराज बोगटीबाट प्रस्तुत वार्षिक निती, बजेट तथा कार्यक्रम आ.व २०७८।०७९

यस पुर्वीचौकी गाउँपालिकाको दशौं गाउँ सभाका प्रमुख अथिति आन्तरीक मामिला तथा कानुन मन्त्रि माननिय पूर्णा जोशी ज्यू,बरिष्ट अतिथि प्रदेश शभा सदस्य माननीय श्री भरत बहादुर खड्का ज्यू,नगर प्रमुख ज्यू,गाउँपालिकाका अध्यक्ष ज्यू,प्रमुख जिल्ला अधिकारी ज्यू, उपाध्यक्ष ज्यू,राजनीतिक दलका प्रमुख ज्यू, जि.प्र.का. डोटीका प्रहरी उपरीक्षक ज्यू,वार्ड अध्यक्ष ज्यू, ससत्र प्रहरी नायब उपरीक्षक ज्यू, टि.भी. टुडे HD का कार्यकारी अध्यक्ष जनक राज पन्त ज्यू, गाउँपालिकाका सभासद ज्यू, गाउँपालिकाका सम्पूर्ण कर्मचारी मित्र, पुर्विचौकीका आदरणिय समाजसेवी,बुद्दिजिबि, शिक्षक, संघ संस्था तथा पत्रकार बन्धु सबैमा दशौं गाउँ शभामा हार्दिक अभिनन्दन सहित स्वागत गर्दछु ।

**आदरणीय गाउँ सभाका सदस्य ज्यूहरु:**

पुर्विचौकी गाउँपालिकाको दशौं गाउँ सभा(बजेट अधिवेसन) मा आर्थिक वर्ष २०७८|७९ को बार्षिक नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न पाउदा सर्वप्रथम म गाउँ कार्यपालिका तथा गाउँ सभा प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु |

१. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस(कोभिड-१९ ) महामारी र यसको पछिल्लो लहरले विश्व समुदायलाई आक्रान्त बनाईरहेको छ र यस महामारीको चपेटामा परीरहेको चुनौतीपूर्ण र असहज अवस्थामा नेपालको राज्य पुन:संरचना पछि सम्पन्न भएको पहिलो चरणको स्थानीय तहको निर्वाचन पश्चात पुर्विचौकी गाउँपालिकाका तर्फबाट दशौं गाउँ सभामा पाचौं पटक आर्थिक बर्ष २०७८|०७९ को बार्षिक नीति तथा कार्यक्रम यहाहरु समक्ष पेस गर्न पाउदा म गौरवान्वित भएको छु |

२. देशमा भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायत विभिन्न आन्दोलनमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्न हुने सम्पुर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति हार्दिक भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै विभिन्न राजनीतिक आन्दोलनका क्रममा वेपत्ता नागरिक, घाइते योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु।

३. कोरोना भाइरस Covid-19 महामारीबाट संक्रमित भई स्वदेश तथा विदेशमा जीवन गुमाउनु हुने नेपाली नागरिकहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै पूर्वीचौकी गाउँपालिकामा कोरोना भाइरस कोभिड १९ को कारणले मृत्यु हुने मृतकहरु प्रति समवेदन प्रभट गर्दुछु र शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु । त्यसैगरी उपचारार्थ सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४. कोरोना महामारीको उच्च जोखिमको परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाइकर्मी, एम्बुलेन्सचालक, स्वयसेवक, नागरिक समाज, पत्रकार लगायत व्यवस्थापकीय पक्षमा खटिरहनु भएका राष्ट्रसेवक कर्मचारीहरु तथा Corona Virus विरुद्धको अभियानमा सहकार्य र सहयोग गर्नुहुने संघीय सरकारका मन्त्री ज्यू, संघीय सांसदज्यू, प्रदेश सरकारका मन्त्री ज्यू , प्रदेश सभाका सदस्यज्यू, सम्पुर्ण जनप्रतिनिधि ज्यु, अत्यावश्यक वस्तुको आपुर्ति सहज

बनाउन योगदान गर्ने सबैनिजी क्षेत्र, संघ संस्था, संचार जगत लगायत व्यापारी, वुद्धिजीवी तथा स्थानीयवासी आम जनसमुदायहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

५. कोरोना महामारीसँग लड्नका लागि विश्व समुदाय बीच ऐक्यवद्धता र सहकार्य बढ्दै गएको छ । यस महामारीलाई जित्न एवं आफ्नो जीवनको रक्षा गर्न सबैले नेपाल सरकारले जारी गरेको स्वास्थ्य मापदण्ड अपनाउदै आत्मविश्वास र आशावादी भएर अनुशासित हुन आवश्यक छ ।

६. पुर्वीचौकी गाउपालिकाले कोरोना महामारीको दोस्रो लहरबाट जनताको रक्षाका लागि आफ्नो स्रोत, साधनको उपलब्धता एवं अधिकारक्षेत्रका आधारमा कटिबद्ध रुपमा काम गर्दै आएको छ । साथै निशुल्क RDT चेक गर्ने व्यवस्था, अक्सिजन सहित १० वेडको अस्पतालको व्यवस्थापन र खोपलाई व्यवस्थित गर्ने कार्य गर्दै आएको छ ।

७. नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संघीय प्रणालीलाई संस्थागत गर्न स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय, सहअस्तित्व र सहकार्यको सिद्धान्त बमोजिम कार्य गर्दै आएको छ ।

८. हामी निर्वाचित भएर यस गाउँपालिकाको विकास र सम्वृद्धिमा लागेको पाचौ बर्षको अन्तिम चरणमा छौ| यो पाच बर्षको भोगाईको क्रममा विकास र सम्वृद्धिका लागि प्रसस्त अवसरहरु भए पनि विविध समस्या र चुनौतीहरु पनि त्यतिकै रहेको हामीले अनुभव गरेका छौ | हामी संग उपलब्ध सिमती साधन र स्रोतका बाबजुत पनि यस क्षेत्रको चौतर्फी विकास कसरि गर्न सकिन्छ भन्ने तर्फ पुर्विचौकी गाउँपालिका पारीवार चिन्तित थियो, छ र हुने नै छ | कोरोना भाइरसको यस महामारीका कारण विश्वकै मानव जाति माथि संकट उतपन्न भएको र यस संकटमा मौजुदा स्वास्थ्य सेवा सुविधाहरु अप्रयाप्त देखिएका छन् | गणतान्त्रिक संघीयतासंगै बढेका जनताका आकांक्षा, चाहाना र भावनालाई सम्बोधन गर्ने दृढ संकल्पका साथ यस विषम् परिस्थितिको बिचमा पनि नेपालको वर्तमान संविधानले अवलम्ब गरेको संघिय शासन प्रणाली कार्यान्वयनका क्रममा स्थानीय तहको समग्र विकास तथा सम्वृद्धिको परिकल्पनालाई साकार पार्न आम गाउँ वासीको भवनको प्रतिनिधित्व गर्दै हामी महामारीलाइ जित्छौ भन्ने आत्मा विष्वासका साथ विगत बर्षका सफल नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिदै पुर्विचौकी गाउँपालिकाको आर्थिक बर्ष २०७८|०७९ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा आफुलाई भाग्यमानी ठानेको छु |

९. वर्तमान संविधानको निर्माणसंगै राज्य संरचनामा आएको आमूल परिवर्तनले स्थानीय तहलाई अधिकारको धनि बनाए पनि तिन तहका सरकारहरुको अधिकार क्षेत्रको अन्यौलताले कतिपय बिषयमा नीतिगत तथा संस्थागत अन्यौलहरु कायमै रहेको अवस्थामा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यावस्थालाई संस्थागत गर्ने कार्यमा स्थानीय तहको भूमिका अझै गहन र पेचेलो बन्दै गएको छ |

१०. संवैधानिक व्यावस्था बमोजिम जनताको सन्निकट रहेको सेवा प्रदान गर्ने स्थानीय तहका अधिकार क्षेत्रको अभ्यास गर्दै जनअपेक्षा अनुरुप दिगो शान्ति , स्थायित्व, विकास र सम्वृद्धिको गन्तव्य हासिल गराउने गहन जीम्मेवारीलाई पुरा गर्न संबिधान प्रदत्त स्थानीय तहको अधिकारलाई बुद्धितता पुर्वक प्रयोग गर्दै अघि बढ्नु हाम्रो अनिवार्य दायित्व र कर्तव्य हुन आउछ |

११. लामो समयको संघर्ष पछि प्राप्त लोकतान्त्रिक संघिय गणतन्त्रात्मक व्यावस्थाको सफल र व्यावहारिक कार्यन्वयनको जटिल र चुनौतीपूर्ण जिम्मेवारीलाई पुरा गर्न हामीले सबै पक्षको समन्वय र सहकार्यमा आफ्ना कदमहरु अघि बढाएका छौ |

१२. आर्थिक समृद्धि, सुशासन र विकासको मार्गमा पुर्वीचौकी गाउपालिका निरन्तर अघि बढिरहेको छ । यस गाउपालिकालाई आत्मनिर्भर बनाउन कृषि, जलस्रोत, पर्यटन, जडीबुटी व्यवसाय लगायतका क्षेत्रको विकास, विस्तार र सुदृढिकरण गरी "**समृद्ध पुर्वीचौकी गाउपालिका**" निर्माण गर्न हामी सबै दृढ संकल्पित छौं।

१३. **पृष्ठभूमि:**

नेपालको सुदूरपश्चिम क्षेत्र स्थित पूर्वीचौकी गाउँपालिका सुदरपश्चिमाञ्चल प्रदेशको डोटी जिल्लामा रहेको छ। पूर्वीचौकी गाउँपालिमा कूल ७ वटा वडा रहेका छन्। ११७.६५ वर्ग कि.मिको क्षेत्रफलमा . फैलिएको पूर्वीचौकी गाउँपालिको भुआकृतिक स्वरुप– खोलानाला,नदि तथा पहाडी भूभाग रहेको छ – र .पा.भने यसको पूर्वमा अछाम छ भने पश्चिममा दिपायल शिलगढी न उत्तरमा सायल गाउँपालिका रहेको छ। यसको शालाखाला अधिकतम तापक्रम ३८ डिग्री र न्यूनतम तापक्रम ५ डिग्री रहेको पाइन्छ। भौगोलिक अवस्थिति यो पूर्वीचौकी गाउँपालिका मिती २०७३।१२।०१ गते नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट पूर्वीचौकी गाउँपालिका रहन गएको हो र यसको मूख्य कार्यालय सानागाउ वडा नं४ मा रहे .को छ । साल २०६८ को तथ्याङ्क अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २३४८० रहेको छ। प्रमुख चाडपर्व स्थानीय स्तरमा बसोबास गर्ने विभिन्न जात जाती तथा समुदायका मानिसहरुको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाड पर्व मनाउने गरिन्छ । जस्तैः दशैं, तिहार, होली, गौरा, औल्के, मागे संक्रान्ति, कृष्ण जन्माष्टमि यहाँका प्रमुख चाड पर्वको रुपमा रहेको पाइन्छ। यस गाउपालीका लाइ सुन्दर खप्तड राष्ट्रिय निकुन्जले छोएको छ।

- स्थापना २०७३ साल : चैत १ गते
- भौगोलिक अवस्थिति कूल क्षेत्रफलः ११७.६५बर्ग कि.मि.
- जनसंख्या (२०६८ को राष्ट्रिय जनगणना अनुसार)जम्माः २२४८३
- राजनैतिक बिभाजन बिकास क्षेत्र सुदूर पश्चिममा, अंचल सेती, जिल्ला डोटी,
- संसदीय निर्वाचन क्षेत्र नम्बर १, प्रदेश निवार्चन क्षेत्र नम्बर क र ख, वडा संख्या ७
- सिमाना पुर्वः पूर्वमा अछाम ,पश्चिममा दिपायल शिलगढी न.पा., उत्तरमा सायल गाउँपालिका

१४. **आ.व. २०७८।०७९ का वार्षिक योजना तथा वजेट तर्जुमाका आधारहरु:**

- नेपालको संविधान २०७२।
- दिर्घकालिन सोच।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४।

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४।
- स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)
- सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा आवश्यक दफा र नियम।
- स्रोत साधनहरु।
- स्थानीय तहको आवधिक योजना।
- स्थानीय तहको मध्यकालिन खर्च संरचना।
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, ऐन, कानुन, कार्यविधितथा मापदण्डहरु।
- पन्धौ योजनाले निर्दिष्ट गरेका एवम् लक्ष्य उद्देश्यहरु।
- दिगो विकासका लक्ष्यहरु।
- विकासका अन्तर सम्बन्धित विषयहरु।
- स्थानिय सरकारले जनता समक्ष गरेका प्रतिवद्धताबाट सिर्जित दायित्व।
- गाउँपालिकाको आन्तरिक स्रोतसाधनर तथा यसको सम्भाब्यता र चूनौतिहरु।

## १५. पुर्वीचौकी गाउँपालिकाको लक्ष्य:

- यस गाउँपालिकाले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, उद्योगमा समुचित लगानी गरी रोजगारीका अवसरहरु सिर्जना गरी वातावरणमैत्री प्रविधीमैत्री समृद्ध एवम वैज्ञानिक समाजको परिकल्पना गर्दछ।

## १६. पुर्वीचौकी गाउँपालिकाको उद्देश्यहरु :

- Dropout rate शत प्रतिशत घटाई विद्यालय शिक्षामा सवै वर्ग क्षेत्र सम्प्रदायको समावेशीताको आधारमा उच्चतम विद्यालयहरुको सिकाई स्तर वृद्धि गरी सक्षम जनशक्ति उत्पादन गर्ने।
- स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्तिको व्यवस्थापन गरि सम्पुर्ण गाउपालिका वासीको स्वास्थ्य स्तरमा सुधार गर्ने।
- कृषि क्षेत्रमा अनुदान तथा आधुनिक सिचाई पोखरीको व्यवस्थापन गरी कृषकहरुलाई आत्मनिर्भर बनाउने।
- पर्यटन तथा उद्योगमा समुचित लगानी गरी वेरोजगार युवाहरुका लागि रोजगारीका अवसरहरु सिर्जना गर्ने।
- गाउपालिकाका सम्पुर्ण योजनाहरुमा जनताको पुर्ण सहभागिता गराई रोजगारी सिर्जना गर्ने।
- गाउपालिकाका सम्पुर्ण क्रियाकलापहरुमा सुशासन र पारदर्शिता कायम गर्न सुशासनका सम्पुर्ण औजारहरु प्रयोग गर्ने।

## १७. गाउँपालिकाका चुनौतिहरु

- पेश्कि उपलब्ध नगराई काम नहुने गरेको।

- नेपाल सरकारले लिएको राजश्व संकलन गर्ने लक्ष्य जुन थियो लक्ष्य अनुसारको राजश्व संकलन नभइ राजश्व वाडफाडको रकम गाउँपालीकाले प्राप्त नगरेको कारण सो रकमवाट पुरा हुने (अयात) विनियोजित कार्य सम्पन्न गर्नमा कठिनाई ।
- कोरोना भाइरस कोभिड १९ का कारणले नियमित हुने कार्यमा अवरोधका कारण गापाले निर्धारण गरेको लक्ष्य हासिल गर्न कठिनाइ
- गाउँपालिकाका विभिन्न क्षेत्रको मलेपले औल्याएको वेरुजु नियमित र फर्चौट गर्नमा कठीनाई ।
- जनताका जनअपेक्षा तिव्रहुनु र हामीले प्राप्त गर्ने श्रोत साधन र गाउँपालिकाको आन्तरिक आम्दानी कम हुनुले विकासमा सन्तुलन गर्न कठीनाइ ।
- गाउँपालीकाको आफ्नो भवन नभएका कारण जनतालाई दिनुपर्ने सेवामा कठिनाई भएको ।
- बिषयगत शाखाका सबै कर्मचारी गाउँपालिकामा आउन नसकेका कारणले काम गर्न कठिनाइ ।

## १८. २०७८।०७९ को बजेट कार्यान्वयनका केहि चुनौतिहरुः

- प्राय: सम्पूर्ण कार्य उपभोक्ता समिति मार्फत गरिएको कारणले लागत सहभागिता जुटाउन कठिनाई ।
- पेस्की बिना काम गर्न नसक्ने अवस्था ।
- पुर्वीचौकी गाउपालिकाको आन्तरिक आम्दानी कम भएका कारण आन्तरिक श्रोतलाई फराकिलो बनाउन नसकेको कारणले आन्तरिक कार्यमा प्रभाव पर्ने देखिन्छ।
- गाउपालिकाको आफनो भवन नभएका कारण केही साघुरो संचरनाका कारण सेवा प्रवाहमा कठिनाई हुने देखिन्छ ।
- कोरोना भाइरस Covid 19का कारणले गाउपालिकाले विनियोजित बजेट नीति तथा कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयन गर्नमा कठिनाई हुने देखिन्छ ।

## १९. मुलभुत नीतिहरु तथा कार्यक्रमः

१. स्थानिय तहको लागि संविधानले व्यवस्था गरेको मौलिक हक, कर्तव्य र अनुसुचि ८ को एकल अधिकार र अनुसुचि ९ को साझा अधिकार अनुरुप आवश्यक कानुन बनाउने कुरालाई प्राथामिकता दिइनेछ ।

२. दिगो विकासको लक्ष्य अनुरुप पूर्वीचौकी गाउँपालीकाको बिकास गरिनेछ ।

३. पूर्वीचौकी गाउँपालीकाले चुनावमा जनाएका प्रतिबद्धता अनुरुप कार्य अगाडी बढाउने नीति लिएको छ ।

४. योजना छनौट गर्दा बजेट दिग्दर्शन अनुरुप वस्ति स्तरमा स्थानिय बासीको सहभागी गराई प्रत्यक्ष रुपमा गरिबी घट्ने, रोजगार सिर्जना हुने, स्थानिय स्रोत साधानको अधिकतम प्रयोग हुने खालका योजना छनौट गर्ने निति लिईनेछ ।

५. पूर्वीचौकी गाउँपालिकामा रहेको बालविवाह, बहुविवाह, छुवाछुत प्रथा, र छाउपडी प्रथा जस्ता प्रथाको अन्त्य गर्ने निति लिइनेछ।
६. महिला हिंसा, घरेलु हिंसा आदिको अन्त्य गर्ने निति अवलम्बन गरिनेछ।
७. पुर्वीचौकी गाउँपालीकामा गाउँपालिकाको अनुमति विना कसैलाई पनि घर बनाउन नदिने अनिवार्य गाउँपालिकाको अनुमति लिनुपर्ने तिनि अवलम्बन गरिनेछ।
८. एकिकृत सम्पत्ति कर प्रणाली यथासिघ्र लागु गर्ने निति लिइनेछ।
९. वातावरण मैत्री स्थानीय शासनको निति लिइनेछ।
१०. विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन सम्बन्धि कानुन बनाइ कार्यन्वयन गर्ने निति लिइनेछ।
११. बिकासको परिकल्पनाको आधारमा ५ वटा ज र एउटा प अर्थात जमिन, जल, जनताको श्रम, जडीबुटी र जनताको सकरात्मक सोच र पर्यटकिय बिकासको नीति अवलम्बन गरिनेछ।
१२. ३ PPP अर्थात Public Private Partnership नीति अवलम्बन गरिनेछ।
१३. बालमैत्री स्थानिय शासन (Child Friendly Local Government) वातावरणमैत्री स्थानिय शासन (Environment Friendly Local Government) ले निर्धारण गरेका उद्देश्य हाशिल गर्ने नीति लिइनेछ।
१४. पन्धौ योजनाले निर्दिस्ट गरेका लक्ष्य एवम् उद्देश्यहरु साथै दिगो विकासको रणनितिले अंगिकार गरेको लक्ष्य सूचक एवम् प्राथामिकताहरु।
१५. नेपाल सरकार, अर्थमन्त्रालयको बजेट सिलिंग, राष्ट्रिय योजना आयोग, संघिय मामीला तथा स्थानिय विकास मन्त्रालय, प्रचलित मार्गदर्शन एवन् निर्देशनहरु तथा सुझावहरु, प्रचलित कानुन संघिय मामीला तथा स्थानिय बिकाश मन्त्रालय र गाउँपालिकाको बिच सम्पन्न कार्य सम्पादन सम्झौताले परिलक्षित गरेका सुचकहरु।
१६. पूर्वीचौकी गाउँपालीकाका ग्रामीण सडकहरुलाइ आगामी दुई वर्षभित्र प्रत्येक वडामा पुर्याइ सबै वडाहरुलाई सडक सञ्जालबाट जोडीनेछ र निर्माण भएका सडकलाई दुई वर्ष भित्र संरचनाको काम,bio-engineering कार्यहरु नाली, जाली, वाल र ग्राब्लिंग गरिने निति लिई कार्यक्रम गरिने छ, बाकी रहेको एक वर्ष भित्र सकेजति सडक कालोपत्रे गरिनेछ।
१७. आगामी ०७९ साल भित्र उज्यालो पूर्वीचौकी बनाउन सबै वडामा बिजुली बालिनेछ।
१८. नेपालको संविधानलाई आत्मसात गर्दै महिला हिंसा, बाल हिंसा, छाउपडी प्रथा, बालबिवाह आदीको अन्त्य गरि न्यायीक समाज निर्माणमा जोड दिइनेछ।
१९. आगामी ०७९ साल भित्र भौतिक पुर्वाधार, निर्माण गरि राज्यको नियम अनुसार मापदण्ड पुर्याई पूर्वीचौकीलाई नगरपालिका बनाइने नीति लिइनेछ।
२०. गैर सरकारी संस्था, अन्तराष्ट्रिय गैर सरकारी संस्था, निजी क्षेत्रहरुले काम गर्दा कामको दोहोरोपन हुन नदिन जवाफ देहिता, पारदर्शीता, सहभागीता र उत्तरदायीत्व स्पस्ट हुनु पर्ने सो कार्यलाई नियमन गर्न

सबै संघसंस्थालाई एकद्वार प्रणालीमा ल्याई कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि गाउँ कार्यपालिकाबाट कार्यक्रमको स्वीकृति हुनुपर्ने नीति लिईनेछ।

२१. जलवायु परिवर्तनका असरहरु न्युनिकरण गर्न तथा वातावरणमैत्री स्थानिय शासन प्रवर्द्धन गर्ने निति लिइने छ।

२२. पूर्वीचौकि गाउँपालिका भित्र रहेका भुमिहिन दलित सुकुम्बासि तथा अव्यवस्थित बसोबास गरिरहेका बासिन्दाहरुलाई यसै आ.व. देखि लाल पुर्जा वितरणको कार्य अगाडी बढाइनेछ।

**पूर्वीचौकी गाउँपालिकाका प्रमुख नाराहरु:**

- **"पुर्विचौकी गाउँपालिकाको इच्छा छोरि, बुहारीलाई रोजगारी र उच्च शिक्षा"**
- **"दलित,महिला र जेष्ठ नागरिकको शसक्तिकरण र मुलप्रवाहिकरण पुर्विचौकी गाउँपालिका गर्छ प्ररण"**
- **"स्वास्थ्य ,शिक्षा, उत्पादन र रोजगार : पुर्विचौकीको दिगो विकास र समृद्धिका लागि पूर्वाधार"**
- **"सफा घर टोल र शहर पुर्विचौकीको एउटै रहर"**

**२०. पुर्वीचौकी गाउपालिकाको मुलमन्त्रका रुपमा रहेका ५ वटा ज र १ वटा प (जप)**

१. **पहिलो ज: जमीन:** हामी सँग भएका खाली जमीनको मुल्यांकन गरी बाटो बनाउन उपयुक्त ठाउमा बाटो, सडक बनाउन उपयुक्त ठाउमा सडक, उत्पादन हुने उपयुक्त ठाउमा उत्पादन, घरनिर्माण गर्ने उपयुक्त ठाउमा घर निर्माण तथा सरकारी भवन निर्माण गर्न उपयुक्त ठाउमा सरकारी भवन निर्माण गर्ने नीति अवलम्बन गरिने छ।

२. **अर्को ज : जल,**पुर्वीचौकीमा मुख्य जलको रुपमा रहेका गण्डीगाड, फुलौटीगाड, चिन्नेगाड, छोलेगाड र सानातिना प्रशस्त खोला नाला रहेका छन् जसलाई बहुउपयोगी प्रणाली अनुसार पिउने पानी, सिचाई, विधुत उत्पादन गरेर रोजगारी सिर्जना गर्ने नीति बनाइने छ।

३. **तेस्रो ज : जडीबुटी,**पुर्वीचौकी गाउपालिका वरिपरि जंगलले ढाकिएको क्षेत्र धेरै भएको हुनाले व्यक्तिगत, सामुदायिक र कबुलियती वन आदिमा जडीबुटी खेती गर्ने जस्तै; टिमुर, कुरिलो, गुर्जो, बोजो, घ्यूकुमारी, असुरो, तिते, सिस्नो, सुनभाउरी, धुवीजडा, पाँचऔले, हरियो चियापत्ति, ओखर तथा अमला आदिको खेती गर्ने प्रणालीको विकास गर्ने निती निर्माण गरिने छ।

४. **चौथौ ज : जनश्रम,**श्रमबाटै सौन्दर्य प्राप्त हुन्छ भन्ने सोचका साथ जबसम्म हामी श्रम गर्दनौ तबसम्म हाम्रो आर्थिक उन्नति तथा प्रगति हुदैन भन्ने आधारमा**गरौ हामी श्रम, नपरौ गरीबीको भ्रम** भन्ने मुलमन्त्रको आधारमा सहकारी र सामुहिकताको आधारमा श्रम गरी उत्पादनमा वृद्धि गर्ने निती अवलम्बन गरिने छ।

५. **पाँचौ ज : जनताको सकारात्मक सोच,**हामीले जबसम्म सकारात्मक सोच, विचारका साथ जीवनका हरेक पाटोलाई विश्लेषण गर्न सक्दैनौ तबसम्म हाम्रो उन्नति, प्रगति र समुन्नति हुन सक्दैन र

हाम्रो समाजले फडको मार्न पनि सक्दैन त्यसकारण नकारात्मक सोच जस्तै, महिला हिंसा, वालविवाह, धामी झाक्री प्रतिको विश्वास, बोक्सी प्रथा, सासुवुहारी बिच विभेद, दाइजो प्रथा तथा जातजाती बिच विभेदको अन्त्य गरी वैज्ञानिक समाज निर्माण गर्नका लागि निती अवलम्बन गरिने छ।

६. **एउटा प पर्यटन :**पर्यटनका दृष्ट्रिकोणले पुर्वीचौकी गाउपालिकासम्भावना बोकेको क्षेत्र हो । पुर्वीचौकी गाउपालकिामा हाम्रो भु-स्वर्गको रुपमा पहिचान बनाएको स्वर्गीय अनुभुति दिने खप्तडको प्रवेश द्धार रहेको छ । अमर सिह थापाले स्थापना गरेको अखण्ड दिप प्रज्वलित हुने मालिका मन्दिररहेको छ, सवै ठाउको दृष्यअवलोकन गर्न सकिने रानढुग्गा क्षेत्र र सयौ संख्यामा बनिबनाउ विभिन्न आकृतिका मुर्तिहरु, कुडिगडा ताल, त्रिवेणीधाम, बगलेकक्षेत्र रहेका छन भने हाम्रो संस्कृति, कला, भाषामा जस्तै भुवा नाच, पञ्चेबाजा, हुडके नाच, ओल्के पर्व, चाचरी गीत, सनाई, झयाली, दमाहा, होली, पुतला, न्याउले, देउणागित, भारीखेल, लगायत संस्कृति संरक्षण गरिने नीती अवलम्बन गरिने छ।

## २१. गाउपालिकाले अहिले सम्म गरेका महत्वपूर्ण कार्यहरु :

- पुर्वीचौकी गाउपालिकाको भौगोलिक विकटता कारण कतिपय वडाका वडा केन्द्रहरुबाट मानव वस्ती टाढा भएकाले विभिन्न सेवा सुविधा जस्तै; शिक्षा, स्वास्थ्य बाट बन्चित भएको कुरा महसुस गरी पुर्वीचौकी गाउपालिकाको वडा नं ७ पोखरी टिमुरदहका जनतालाई टिमुरदहमा नै सामुदायिक स्वास्थ्य ईकाइको स्थापना गरी सोही स्थानबाट स्वास्थ्य सेवा उपलब्ध गराइएको छ। त्यसैगरी पोखरीको गजडा, गाँजरीको बास्कोट, गैरागाउको डुग्रि, बगलेकको कुडासैन, गरी यस पुर्वीचौकी गाउपालिकामा ५ वटा सामुदायिक स्वास्थ्य ईकाइ गठन गरी सेवा प्रवाह गरिएको छ । साथै पुर्वीचौकी गाउपालिकाका जनतालाई सेवा प्रदान गर्न एम्बुलेन्स खरिद गरी सेवा प्रदान गरिएको छ । जमिनको ठिक ढंगले सदुपयोग गर्ने निति अबलम्बन गर्ने।
- पुर्वीचौकी गाउपालिका वासीलाई टाढागई प्राविधिक शिक्षा पढाउन नसक्ने हुदा उक्त समस्यालाई ध्यानमा राखी यस गाउपालिका अन्तरगत वडा नं ४ को सरस्वती माध्यामिक विद्यालय सानागाउमा प्राविधिक शिक्षा संचालन गरी ३ वर्षिय Diploma in Civil Engineering को पढाई संचालन गरिएको छ।
- पुर्वीचौकी गाउपालिकाको शिक्षामा सुधार ल्याउन भौतिक पुर्वाधारको पनि त्यतिकै आवश्यकताको महशुस गरी तपसिलका विद्यालयहरुमा भवन निर्माण गरिएका छन्।
  - सरस्वती मावि ४ कोठे भवन निर्माण।, सरस्वती माविमा चमेनागृह निर्माण।
  - बालविकास आवि कतरकुडीमा २ कोठे भवन निर्माण।
  - सरस्वती आवि दुलवस्तामा २ कोठे भवन निर्माण।
  - हनुमान आवि टिमुरदहमा २ कोठे भवन निर्माण।, भवानी आवि गजडामा २ कोठे भवन निर्माण।, काडामाण्डौ मावि काडामाण्डौमा ४ र २ कोठे गरी २ वटा भवन निर्माण।

* मालिका आवि बोगटीगाउमा १ कोठे भवन निर्माण।

शाजेन्द्रश्वर मावि खिरसैनमा २ कोठे भवन निर्माण।

* भारोतोली आविमा २ कोठे भवन निर्माण।
* भागेश्वर आवि गैरागाउमा २ कोठे भवन निर्माण।, दुर्गा माविमा २ कोठे भवन निर्माण
* कालिका आवि बगलेकमा २ कोठे भवन निर्माण।, डाडामाण्डौ आविको २ कोठे भवन निर्माण।
* गैरागाउँको डुग्रीमा ४ कोठे भवन निर्माण भैरहेको छ।
* काडामाण्डौको तेडि प्रा.वि. उपरकाडामा ४ कोठे भवन निर्माण भइरहेको छ।

- साथै यस आगामी वर्ष २०७८।०७९ मा कार्यान्वयन हुने सरस्वती माविको छात्रावासको २ करोडको ठेक्का सम्झौता भई कार्य अगाडि बढेको छ।
- झोलुग्गे पुलको सन्दर्भमा गाउपालिकाले आफनै बजेटमा पुर्वीचौकी गाउपालिका वडा नं ६ को घडौने खोलामा झोलुग्गे पुल निर्माण, वडा नं ७ को टिमुरदहमा, वडा नं १ को छोरेपानी, रावला घट्ट मा झोलुग्गे पुलबनेको, ५ को चनरमारे र मणाना चैकोट जोड्ने पुल बनेकोर पोखरी वडा नं. ७ को मुजेलिरवाको पुल बन्ने क्रममा छ। पुर्वीचौकी गाउपालिकामा सहकारीको स्तर उन्नती गर्न र कृषि प्रवर्द्धन गर्न बहुउद्देश्य भवनतथा संकलन केन्द्र GNI-WFP, Zero Hunger र पुर्वीचौकी गाउपालिकाको साझेदारीमा २.५ तल्लाका २ वटा भवन निर्माण भएका छन् भने वडा नं ३, ५र ६ मा संकलन केन्द्रहरुको स्थापना भएका छन्।
- यातायातको पहुँच नभएसम्म निर्यात र आयातमा समस्या हुने र हरेक निर्माण प्रक्रियामा पनि मानिसहरुद्वारा लागत परिणाम बढी हुने र जनताले सेवा नपाउने हुदा पुर्वीचौकी गाउपालिकामा सडक विस्तार गरिएको छ जसअनुसार चौखुट्टे काडामाण्डौ चिनेकोट सडक, साझघाट गैरागाउ सडक, चिन्नेकोट डुग्री सडक, तल्लो फुलौट छेपलाडी सडक, झिग्राना कुडासैन गैरागाउ सडक, सानागाउ सिमलडाडा गाजरी पोखरी बगडा गजडा दुलवस्ता सुक्लिमाटी हुदै चौखुट्टे काडमाण्डौ चिन्नेकोट सडक, सरस्वती मावि देखि बासकोट सडक, शान्तिनगर देखि बगलेक सडक, सुक्लिमाटी दुलवस्ता सडक तथा पोखरी टिमुरदह सडक निर्माण भएका छन् र स्तर उन्नती पनि भइरहेका छन। साथै २०७९ साल सम्म सम्पुर्ण सडकलाई ग्राविल तथा कालोपत्रका लागि पहल गरी अगाडी बढाइने छ।
- खप्तडको विकास भएमा पुर्वीचौकी गाउपालिकाको पनि विकास हुन्छ भन्ने धारणाका साथ पुर्वीचौकी गाउपालिकाले ट्रस निर्माणका लागि ५० लाख रकम विनियोजन गरी त्रिवेणीधाम क्षेत्रमा ५ वटा ट्रस निर्माण गरिएका छन्।
- पूर्वीचौकी गाउपालीकामा १० शैयाको अस्पताल केन्द्रबाट निर्णय भई सकेको र यसको टेन्डर सम्झौता भइ निर्माण प्रक्रिया अगाडि बढेको छ। भने अब छिटो छरितो स्थापना गर्नका लागी गाउपालिकाको तर्फबाट हामी लागि पर्नुपर्छ यो हाम्रो गाउँपालीकाको लागी सफलता हो।

- खानेपानी सम्बन्धमा हामीले ४ वर्षभित्र पानिका मुहान संरक्षण गर्ने, खानेपानी निर्माणका लागि प्रक्रिया अगाडि बढाइरहेका छौ । भने केन्द्र सरकारबाट र सुडीभकार, जाजरकोट मुहानबाट पूर्वीचौकी गाउँपालीकाका ७ वटा वार्डमा १ घर १ धाराको अवधारणा अनुसार यसको लागत स्टिमेट भइ सकेको छ भने अव ये योजनाले निरन्तरता पाएको छ। सदियुदेखि स्वच्छ पिउने पानि पूर्वीचौकीका नागरीकले नपाएको अवस्थामा अव यो योजना सम्पन्न हुने वित्तिकै सबैले स्वच्छ पिउने पानि पाउने छन् । पूर्वीचौकी गाउँपालिकाको केन्द्र भागमा रहेके सानागाउमा पानीको अभाव रहेके हुदाँ गाउपालीकाले ८० लाख विनियोजन गरि खानेपानिको काम अगाडी बढाइरहेको छ।
- गाउँपालिका भवन निर्माण गर्नका लागी गाउपालीकाले १० रोपनी जग्गा खरिद गर्ने काम भइसकेको छ भने यसै आ.व. २०७७।०७८ मा गाउँपालीको भवन निर्माण गर्नका लागि बोलपत्र आवाहन भई कार्य अगाडी बढेको छ।
- गाउँपालिकाको बजेटलाई सुत्रमा राखि कार्यान्वयन गर्ने गरेको, अनुगमन मुल्याङ्कन समिति बनाइ अनुगमन मुल्याङ्कन गर्ने गरेको, नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार गाउसभा निर्धारण मितिमानै  गर्ने गरेको सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, विभिन्न मिडियामा निति कार्यक्रम, बजेट सार्वजनिक गर्ने गरेको आन्तरिक लेखापरिक्षण र मलेप गर्ने गरेको काम गापाले नियमित गर्ने गरेको छ। साथै गाउँपालिकालाई नितिगतरुपमा अगाडी बढाउन निम्नअनुसार कानुनहरु निर्माण गरिएका छन्।

| | |
|---|---|
| १ | पुर्वीचौकीगा.पाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण कार्यविधि नियमावली, २०७४ |
| २ | पुर्वीचौकी गा.पाकोकार्सम्पादन नियमावली, २०७४ |
| ३ | उपभोक्ता समिती गठनतथा परिचालन सम्बन्धी कार्यविधि, २०७५ |
| ४ | आधारभुत तह कक्षा ८ कोपरिक्षा संचालन कार्यविधि, २०७४ |
| ५ | पुर्वीचौकी गा.पाकोसहकारी ऐन, २०७५ |
| ६ | घ वर्गको निर्माणव्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७५ |
| ७ | गाउँ र बैठक संचालनकार्यविधि, २०७४ |
| ८ | पुर्वीचौकी गा.पाकोजग्गा खरिद तथा प्राप्ती सम्बन्धी कार्यविधि, २०७५ |
| ९ | स्थानीय राजपत्रप्रकाशसन सम्बन्धी कार्यविधि, २०७५ |
| १० | पुर्वीचौकी गा.पाकोआर्थिक ऐन, २०७४ |
| ११ | पुर्वीचौकी गा.पाकोस्थानीस शिक्षा ऐन, २०७५ |
| १२ | पुर्वीचौकी गा.पाकोविनियोजन ऐन, २०७५ |
| १३ | शिक्षक व्यवस्थापनकार्यविधी, २०७४ |
| १४ | विपद कोष संचालन तथाव्यवस्थापन नियमावली, २०७५ |
| १५ | पुर्वीचौकी गा.पाकोपदाधिकारी आचार संहिता कार्यविधि, २०७४ |
| १६ | एकीकृत सम्पत्ती करव्यवस्थापन ऐन, २०७५ |
| १८ | पुर्वीचौकी गा.पाकोस्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ |

| | |
|---|---|
| २० | पुर्वीचौकी गा.पाकोकार्यविभाजन नियमावली, २०७४ |
| २१ | स्वयसेवक परिचालनकार्यविधि, २०७६ |
| २२ | शिक्षक अनुदान रकमव्यवस्थापन सम्बन्धी निर्देशिका, २०७६ |
| २३ | छाउपडी प्रथाविरुद्रको कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७६ |
| २४ | आर्थिक सहायता कोषसंचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ |
| २५ | न्यायिक समिती संचालनतथा व्यवस्थापन ऐन, २०७६ |
| २६ | अपाङ्ग परिचय पत्रवितरण कार्यविधी, २०७६ |
| २७ | बाल संरक्षणनिर्देशिका २०७६ |
| २८ | पुर्वीचौकी गाउँपालिकाको कृषि तथा पशुपन्क्षी अनुदान कार्यक्रम कार्यविधि २०७८ |
| २९ | आयोजना अनुगमन तथा मुल्यांकन कार्यविधि, २०७७ |
| ३० | पूर्वीचौकी गाउँपालिकाको आर्थिक ऐन, २०७८ |
| ३१ | पूर्वीचौकी गाउँपालिकाको राजश्व परामर्श समितिको कार्य सञ्चालन कार्यविधि, २०७८ |
| ३२ | पूर्वीचौकी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ |
| ३३ | सामुदियक स्वास्थ्य ईकाई कर्मचारी संचालन तथा व्यावस्थापन कार्यविधि, २०७८ |
| ३४ | रेडियो संचालन तथा व्यावस्थापन कार्यविधि, २०७८ |
| ३५ | पुर्विचौकी गाउँपालिकाको कृषि तथा पशुपन्क्षि पालन अनुदान कार्यक्रम कार्यविधि, २०७८ |
| ३६ | पुर्विचौकी गाउँपालिकाको राजस्व परामर्श समितिको कार्य संचालन कार्यविधि , २०७८ |
| ३७ | पुर्विचौकी गाउँपालिकाको आर्थिक सहायता मापदण्ड सम्बन्धि कार्यविधि , २०७८ |
| ३८ | पुर्विचौकी गाउँपालिकाको आर्थिक ऐन , २०७८ |

## १८. गाउँपालिकाले हालसम्मका गरेका ११४ उपलब्धिहरु

१. संघीय प्रणाली लागु भई सकेपछि नेपालको ४६० गाउपालिकाहरु मध्य पहिलो पुर्वीचौकी गाउपालिकाको रुपमा यस पालिकाले ३५ सिटको २ वटा सुविधायुक्त बस खरिद गरी चौखुट्टे देखि दिपायल सम्म यहाँका जनताहरुलाई सेवा दिई रहेको छ।

२. एक वटा एक्जाभेटर खरिद गरी विकास निर्माणमा टेवा पुर्याउने काम भइरहेको छ।

३. छाउपडी प्रथा उन्मुलन गर्न छाउ नबार्ने महिलाहरुलाई नगत रु. ५००० सहित दोसल्ला ओढाई सम्मान गरिएको छ।

४. परम्परागत पोशाकको सम्प्रर्द्धन गर्न गाउसभाका महिला सदस्य तथा महिला कर्मचारीहरुलाई गुन्यु चोली वितरण गरिएको छ।

५. महिलाहरुलाई स्वरोजगार बन्न होजियारी तालिम प्रदान गरी १२ जना महिलालाई स्वरोजगार बनाएको छ।

६. हामी निर्वाचित भई पदवहाली गर्दै गर्दा २०७४ साल असार २२ गते पदवहालीका दिन उज्यालो पुर्वीचौकी बनाउने घोषणा गरे बमोजिम पुर्वीचौकी गाउपालिकाका सात वटै वडामा विजुली वक्ति

बालिसकेको छ भने २०७९ साल सम्ममा पुर्वीचौकीमा भएका सम्पुर्ण ४५४० घरधुरीमा विजुली वक्ति वाली सक्ने लक्ष्य निर्धारण गरेको छ।

७. सुरक्षित खानेपानीका लागि करिब ७०० धारा निर्माण गरिएको छ।

८. एक घर एक धारा भन्ने उद्देश्य अनुरुप सबै पुर्वीचौकी गाउपालिका बाँसीहरुलाई उपलब्ध गराउन संघिय सरकार बाट बजेट विनियोजन भई IEE (Initial Environmental Examination) को प्रक्रियामा रहेको छ।

९. यस पुर्वीचौकी गाउपालिका अन्तरगत विभिन्न वडा कार्यालय सम्म जोड्ने गरी १११ किलो मिटर कच्ची सडक निर्माण भएको छ, भने खिरसैनमा Main road बाट वडा कार्यालय सम्म जाने ३८ मिटर RCC सडक निर्माण भएको छ।

१०. छात्राहरुको सुरक्षित बसाई तथा अध्ययनका लागि शाजेन्द्रश्वर माध्यामिक विधालयमा महिला छात्रावास निर्माण गरिएको छ।

१०. आउने जाने बटुवाहरुको थकान मेट्न यस गाउपालिकाका ७ वटा वडामा करिब ५ वटा पीपल चौताराहरु निर्माण गरिएका छन्।

११. विभिन्न वडामा फलामका कृषि तथा अन्य औजारहरु निर्माण तथा मर्मत गर्न ६ वटा आरन घर निर्माण भएका छन्।

१२. कृषि क्षेत्रमा टेवा पुगोस भन्ने उद्देश्यले करिब ३.७६ किलोमिटरका सिचाई कुलाहरु निर्माण भएका छन्।

१३. विभिन्न वडामा गरी २ किलोमिटर PCC घोरेटो बाटो निर्माण भएको छ।

१४. खोलाले बगाएको वा खेती योग्य जमीनको सुरक्षा गर्न करिब ५९ मिटर लम्बाईको तटबन्धन निर्माण गरिएको छ।

१५. गाउपालिकामा सार्वजनिक कामकाज गर्ने उद्देश्यले २ वटा सार्वजनिक भवन निर्माण भएका छन्।

१६. धार्मिक स्थलहरुको पर्यटन प्रवर्द्धन गर्न गाउपालिकाका सबै वडामा ५१ वटा मन्दिर निर्माण भएका छन्।

१७. यात्रुहरुको सुविधाका लागि गाउपालिका भरि १४ वटा यात्रु प्रतिक्षालय निर्माण गरिएका छन्।

१८. खोप लगाउन सजिलो बनाउने उद्देश्यले ४ वटा खोप केन्द्र स्थापना भएका छन्।

१९. करिब १५.५० किलोमिटरका टेवा पर्खाल निर्माण भएका छन्।

२०. यस गाउपालिका अन्तरगत वडा नं. १ खिरसैनमा रेडक्रस भवन निर्माण भइरहेको छ।

२१. यस गाउपालिकाका किसानहरुलाई सिचाईको सुविधा सहजताका लागि ३५ वटा सिचाई पोखरी निर्माण गरेका छन्।

२२. विभिन्न कार्यालयको कामकाजमा सहजता ल्याउनका लागि ४१ वटा कार्यविधी, ऐन, निर्दिशिका तथा नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

२३. कृषि क्षेत्रमा लागि रहेका कृषकहरुको मनोबल बढाउन अध्यक्ष कृषि पुरस्कारको व्यवस्था गरी प्रत्येक वर्ष वितरण गरि रहेको छ।

२४. पालिकाका ७ वटा वडालाई विभिन्न पकेट क्षेत्र (खिरसैनमा तरकारी, बगलेकमा आलु, गैरागाउमा तरकारी, सानागाउ तरकारी, काडामाण्डौमा आलु र बाँसमति, गाँजरीमा अदुवा वेसार, पोखरीमा अदुवा वेसार ) स्थापना गरिएको छ।

२५. पर्यटकिय क्षेत्र खप्तडमा भ्रमणमा जाने आउने पर्यटकका लागि बस्न सजिलो होस भन्ने हेतुले वडा नं. २ बगलेकमा Home stay सञ्चालन गरिएको छ।

२६. पर्यटकिय क्षेत्र खप्तडमा भ्रमण जाने पर्यटकका लागि बस्न सजिलो होस भनी खप्तडमा नै ५ वटा ट्रस निर्माण गरिएको छ।

२७. कुनीगडा ताल संरक्षण गर्न ताल वरिपरि पर्खाल निर्माण गरिएको छ।

२८. शिक्षामा सुधार ल्याउन भौतिक पुर्वाधारको पनि त्यतिकै आवश्यकताको महशुस गरी करिब २६ विधालय भवन निर्माण गरिएको छ।

२९. विधार्थीहरु तथा शिक्षकहरुको सुविधाका लागि विधालयहरुमा १५ वटा शौचालयहरु निर्माण गरिएका छन्।

३०. पुर्वीचौकी गाउपालिकाका बालबालिकाको प्राविधिक शिक्षामा पहुँच बढाउने हेतुले गाउपालिका अन्तरगत वडा नं ४ को सरस्वती माध्यामिक विद्यालय सानागाउमा प्राविधिक शिक्षा संचालन गरी ३ वर्षिय Diploma in Civil Engineering को पढाई संचालन गरिएको छ।

३१. जनताको स्वास्थ्यलाई मध्य नजर गरी बढी भन्दा बढी सेवा दिने हेतुले गाउपालिकाले MBBS डाक्टरको भर्ना गरी २०७७ साल असोज ०१ गते देखि सानागाउ स्वास्थ्य चौकीबाट सेवा प्रदान गरिएको छ भने विरामीलाई ओसारपसार गर्न सजिलोको लागि गाउपालिकाले Ambulance खरिद गरी सेवा प्रदान गरि रहेको छ।

३२. भौगोलिक विकटताका कारण कतिपय वडाका वडा केन्द्रहरुबाट मानव वस्ती टाढा भएकाले स्वास्थ्य सेवा सुविधा दिन सामुदायिक स्वास्थ्य ईकाइ केन्द्र (पोखरीको टिमुरदह, गजडा, गाँजरीको बास्कोट, गैरागाउको डुग्रि, बगलेकको कुडासैन,खिरसैन,बगलेक रिखाडा) ७ वटा स्थापना गरी सोही स्थानबाट स्वास्थ्य सेवा उपलब्ध गराइएको छ।

३३. सरस्वती माध्यामिक विद्यालय सानागाउमा विधार्थीहरुको सुविधाका लागि रु २ करोडको लागतमा छात्रावास निर्माण भइरहेको छ।

३४. गाउपालिकाले आफनै बजेटमा ७ वटा (पुर्वीचौकी गाउपालिका वडा नं ६ को घडौने, वडा नं ७ को टिमुरदह, वडा नं १ को छोरेपानी, रावला घट्ट,काडामान्डौ मडाना,पोखरीको मुजेलेख , काडामान्डौको चनरमोर) झोलुग्गे पुल निर्माण गरेको छ ।

३५. सहकारीको स्तर उन्नती र कृषि प्रवर्द्धन गर्न बहुउद्देश्य भवन GNI-WFP, Zero Hunger र पुर्वीचौकी गाउपालिकाको साझेदारीमा साढे २ तल्लाका २ वटा भवन निर्माण भएका छन्।

३६. GNI-WFP, Zero Hunger र पुर्वीचौकी गाउपालिकाको साझेदारीमा ३ (काडामाण्डौ, गाँजरी र गैरागाउ) वटा कृषि संकलन केन्द्र निर्माण गरिएको छ।

३७. त्रिवेणी धाम सानागाउ, खिरसैन र साँजघाटमा मसान घाट सुधार गर्ने काम भएको छ।

३८. मिति २०७७ साल कार्तिक ०१ गतेबाट ५ सैयाको Corona Hospital स्थापना गरी २ जना Staff Nurse पनि भर्ना गरी सेवा दिई रहेको छ।

३९. संघीय सरकारको सहयोगमा बन्ने १० सैया Hospital को शिलान्यास गरी भवन मर्मतको कार्या अगाडी बढेको छ।

४०. सुनौला हजार दिनका आमालाई उपाध्यक्ष कोशेली कार्यक्रम अन्तरगत पोषण झोला वितरण गरि रहेको छ।

४१. ६ देखि १० कक्षामा अध्ययनरत छात्राहरुलाई १ दिने स्यानिटरी प्याड निर्माण गर्ने तालिम सञ्चालन गरिएको छ।

४२. विध्यालय विमुख किशोरीहरुलाई यौन, प्रजनन् स्वास्थ्य, महिनावारी सरसफाई तथा पोषण सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।

४३. शिक्षा तर्फ पालिकाको आन्तरिक श्रोतबाट करिब ४९ जना शिक्षकहरुलाई तलबको व्यवस्थापन गरी शिक्षामा टेवा पुर्याउने काम भएको छ भने १७० जना जेहेन्दार विधार्थीहरुलाई झोला तथा शैक्षिक सामाग्रीहरु वितरण गरिएको छ।

४४. गाउपालिकाको साधन श्रोतबाट स्वास्थ्य तर्फ २६जना स्वास्थ्य कर्मीहरुलाई तलबको व्यवस्थापन गरी सेवा दिई रहेको छ।

४५. स्वास्थ्य शाखाको भवन रहेको जग्गा २०७० साल देखि मुद्धा लडेर २०७७ साल पुस २० गते ४ रोपनी जग्गाको लालपुर्जा प्राप्त गरेको छ।

४६. यस पुर्वीचौकी गाउपालिकाको वडा नं. ५ काडामाण्डौमा मिति २०७६ असारमा गाउघर क्लिनिकको भवन निर्माण भएको छ।

४७. विभिन्न स्वास्थ्य चौकीमा रिक्त दरबन्दीको हकमा १२ जना स्वास्थ्यकर्मीको विज्ञापनद्धारा पदपुर्ती गरिएको छ।

४८. ७ वटा स्वास्थ्य चौकीमा पोषण सम्बन्धी OTC ( Out  treatment center) सेन्टर निर्माण गरिएको छ।

४९. बृहत पोषण सम्बन्धी ३४ जना स्वास्थ्य कर्मीहरुलाई तालिम दिई क्षमता अभिवृद्धि गरिएको छ।

५०. २४ घण्टे Birthing Center मा सेवा दिने करार कर्मचारीहरुको लागि सरकारी दररेटको तलब भत्ताको व्यवस्था गरिएको छ।

५१. वडा नं. १ देखि ७ सम्मका स्वास्थ्य चौकी मार्फत गर्भवती महिलाहरुको लागि निशुल्क ग्रामीण Ultrasound सुविधा मिति २०७६ साल फागुन १८ गते देखि २०७७ साल फागुन मसान्त सम्म जम्मा ९०० जनालाई सेवा प्रदान गरेको छ र जटिल केश देखा परेका ३० जना महिलाहरुलाई जिल्ला अस्पताल तथा जिल्ला बाहिरका अस्पतालमा refer  गर्ने काम भएको छ।

५२. गैरागाउ स्वास्थ्य चौकीबाट MA( Medical Abortion) सेवा विस्तार गरेको छ।

५३. खिरसैनमा गाउपालिकाको पहलमा प्रदेश सरकारको सहयोग मा सामुदायिक स्वास्थ्य ईकाइ केन्द्र र Birthing Center को भवन बनिरहेको छ।

५४. वेरोजगार व्यक्तिहरुको सुचना प्रकाशन गरी ५७३ जनालाई EMIS (Employment Management Information System) मा दर्ता गरिएका छन्।

५५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत २०६ जना वेरोजगार व्यक्तिहरुलाई रोजगारी दिएको छ।

५६. सुचनाको हक सम्बन्धी ऐन २०६४ अनुसार सुचना अधिकारीको व्यवस्था गरी सुचना प्रवाह गर्ने काम नियमित भइरहेको छ।

५७. पशु सेवा केन्द्र मार्फत नश्ल सुधारका लागि बयर बोका वितरण गरेको छ।

५८. पशु सेवा केन्द्र मार्फत गाई, भैसी, भेडा तथा बाख्रामा कृत्रिम गर्भाधान सेवा पनि दिदै आइरहेको छ।

५९. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत सुनौला हजार दिनका आमाहरुलाई न्युहेप्पासायरजातको कुखुरा वितरण गरिएको छ।

६०. गाउँपालिकाका सम्पुर्ण किसानहरुलाई निशुल्क (गाई, भैसी, बाख्रा, कुखुरा तथा अन्य जनावरहरु) औषधी वितरण गरि रहेको छ।

६१. कृषि सेवा केन्द्र मार्फत ३१ जनालाई ६००० चियाका बोट वितरण गरी चिया खेती कार्यक्रमको शुरुवात गरेको छ।

६२. कृषि सेवा केन्द्र मार्फत २५ जनालाई ३००० अलैचीका बोट वितरण गरी अलैची खेती कार्यक्रमको शुरुवात गरेको छ।

६३. प्रविधि तर्फ गाउपालिकाका ७ वटा वडा कार्यालयमा ई हाजिरी जडान गरी शुरुवात गरिएको छ।

६४. पालिका स्तरीय सम्पुर्ण कृषकहरुलाई विभिन्न तरकारीका विउ विजन निशुल्क वितरण गरि रहेको छ।

६५. स्थापना काल देखि गाउपालिकाको कार्यालयमा डोटीको गाउपालिका मध्य पहिलो Internet जडान गर्ने गाउपालिकाको रुपमा हाम्रो गाउपालिका रहेको छ।

६६. वडा स्तरीयबाट २४ जना छनौट गरिएका मेलमिलाप कर्ताहरुको लागि ७ दिने तालिम सञ्चालन गरिएको छ।

६७. प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरिएको छ जसका लागि १ दराज ३ वटा कुर्सी र १ वटा टेबुल खरिद गरी वितरण गरिएको छ।

६८. न्यायिक समितीको स्थापना भए पश्चात करिब ११ वटा मुद्धा दर्ता भई छिनो फानो गर्ने काम भएको छ।

६९. अपाङ्ग भएका व्यक्तिहरुलाई विभिन्न ( रातो, निलो, पहिलो, सेतो ) गरी ६१ जनालाई अपाङ्ग परिचयपत्र वितरण गरि सकेको छ।

७०. Covid-19 को विरुद्ध वडा स्तरीय २१० जना महिलाहरुलाई १ दिने जनचेतनामुलुक कार्यक्रम सम्पन्न गरिएको छ।

७१. स्वास्थ्य शाखामा कोल्ड चैनको स्थापना तथा Internet जडान गरि सेवा प्रवाह गरि रहेको छ।

७२. शिक्षा तथा खेलकुद शाखा मार्फत प्रविधि मैत्री तथा पुस्ताकालय वितरणका साथै संघिय सरकारको सहयोगमा कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरुलाई सेनेटरी प्याड वितरण गरिएको छ।

७३. सरस्वती मा.विमा विधार्थीहरु तथा शिक्षकहरुको खाजा सुविधाका लागि ४० लाखको लगानीमा चमेना गृह निर्माण भएको छ।

७४. Covid-19 को समयमा एक व्यक्ति एक माक्सको उद्देश्य अनुरुप सम्पुर्ण पालिका बाँसीहरुलाई माक्स तथा हात धुने साबुन वितरण गरिएको छ।

७५. दैनिक ज्यालादारी गरी खाने व्यक्तिहरुलाई लकडाउनका बेला गाउपालिकाले २६२ घरपरिवारलाई राहत वितरण गरेको थियो।

७६. गाउपालिकाको सिमाना क्षेत्रमा २ वटा प्रवेश गेट निर्माण गरिएको छ।

७७. विपन्न परिवार तथा असहाय वर्गहरुलाई समय समयमा गाउपालिकाको तर्फबाट आर्थिक सहयोग (रु ३०००-४०००० ) गर्ने गरिएको छ।

७८. पुर्वीचौकी गाउपालिकाको कला, संस्कृति तथा पर्यटकको जगेर्ना गर्ने उद्देश्यले Documentary तयार गरिएको छ।

७९. खर तथा परालले छाएका घरहरुलाई विस्तावित गरी जस्तापाता छाउने प्रक्रियामा अगाडी बढेको छ।

८०. आर्युवेद शाखाबाट पञ्चकर्म सेवा प्रदान गर्दै आइ रहेको छ, साथै आर्युवेद अस्पताल भवनको संघबाट बजेट विनियोजन भई गाउपालिकाले जग्गा प्रदान गरी टेण्डर भई निर्माण कार्य अगाढी बढेको छ।

८१. सुदुरपश्चिमको पहिलो स्थानीय तहको रुपमा गाउकार्यपालिकाको बैठक खप्तड पर्यटकिय क्षेत्रमा सम्पन्न गरेको थियो।

८२. सरकारको साक्षरता स्थानिय तह घोषणा गर्ने कार्यक्रम अनुरुप मिति २०७५ सालमा पुर्ण साक्षरता गाउपालिका घोषणा कार्यक्रम सम्पन्न गरेको छ।

८३. खेलकुद क्षेत्रको विकास गर्ने उद्देश्य अनुसार गाउपालिकामा राष्ट्रपति रनिङ सिल्ड, अध्यक्ष कप र वडा पालिकामा वडा अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आईरहेको छ।

८४. गाउपालिकाको साधन श्रोतबाट गाउपालिकामा ५७ जना करार सेवाको रुपमा कर्मचारी भर्ना गरी सेवा प्रदान गरि रहेको छ।

८५. विधालयमा अध्ययनरत वा गाउपालिका बाहिर अध्ययन गर्न जाने तर आर्थिक स्थिति कमजोर भएका जेहेन्दार विधार्थीहरुलाई ठुलो राशिको छात्रवृति रकम सहयोग गर्ने गरेको छ।

८६. समाजमा पछाडी परेका दलित तथा पिछडिएका वर्गहरुलाई सोलार वितरण गरिएको छ।

८७. HIV/AIDS पीडित महिला तथा पुरुषहरुलाई समय- समयमा आर्थिक सहयोग तथा खाधान्न सहयोग गर्ने गरेको छ।

८८. पालिका स्तरीय जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक सम्मान गर्ने कार्यक्रम सञ्चालन गरि रहेको छ।

८९. खेलकुद क्षेत्रको विकासका लागि पालिका स्तरीय खेलकुदग्राम स्थापनाका लागि संघबाट गाउपालिकाले पहल गरी ३० लाख रकम विनियोजन गर्न सफल भएको छ।

९०. धार्मिक पर्यटकिय स्थलको रुपमा रहेको रानढुङ्गा क्षेत्रको विकास गर्ने उद्देश्यले संघीय सरकारको सहयोगमा ३ करोड ४३ लाख रकम विनियोजन भएको छ।

९१. सरकारी निकायहरुको आर्थिक प्रणाली Online मार्फत लागु गर्ने सरकारको उद्देश्य अनुरुप SuTRA Software लागु हुने वित्तिकै शुरुवाती चरणबाट नै Online वा SuTRAप्रणाली मार्फत शुरुवात गरेको थियो।

९२. Covid-19 को महामारीको बेलामा स्वास्थ्यको अग्रभागमा खटिइ काम गर्ने ल्याब, एम्बुलेन्स चालक, स्वास्थ्य संयोजकलगायतका क्वारेन्टिन र आइसोलेसनमा खटीइ काम गर्ने स्वास्थ्यकर्मीलाई पहिलो तलब स्केलको ६०% जोखिम भत्ता र अन्य सबै स्वास्थ्यकर्मीलाइ ४०% जोखिम भत्ता उपलब्ध गराएको छ।

९३. RDT विधिबाट २३२ महिला र १०३४ पुरुष गरी १२६६ जनाको परिक्षण गरि घर पठाइएको थियो।

९४. PCR Positive १२६ जनालाई आइसोलेसनमा राखेको र सबै १२६ जना कोरोना जितेर घर फर्कीएका छन्।

९५. भारतबाट फर्केका सबै मानिसहरुलाई नेपालको सिमानाबाट मिति २०७७।२।२१ गते सम्म बसबाट र भाडाका वस प्रयोग गरी गाउँपालिका सम्म ल्याई सम्बन्धित क्वारेन्टिनमा व्यवस्था गरेको र यसै गरि मिति २०७७।०२।२२ गते देखि २०७७।०३।०८ गते सम्म फर्कीएका सबै मानिसलाइ जनहि १५०० र यसमा १५० करकट्टा गरि सबैले १३५० का दरले पाउने गरि व्यवस्था गरेको थियो।

९६. भारत तथा तेस्रो मुलुकबाट आएका व्यक्तिहरुलाई क्वारेन्टिन भित्र बसुन्जेल खान, बस्न, स्वास्थ्य चेकजाचको व्यवस्था समेत गाउपालिकाले गरेको थियो।

९७. Covid-19 को प्रभाव भएको समयमा विभिन्न मिडियाबाट प्रसार, प्रचार प्रसार साझेदारी द्धारा जनचेतनाका अभियान संचालन गरेको थियो।

९८. काठमाण्डौ, कैलाली र नेपालका जुनसुकै भागमा अलपत्रपरेका विद्यार्थी र नागरिकलाई गाउँपालिकाले यातायातको व्यवस्था गरी गाउँपालिका सम्म ल्याई क्वारेन्टिनमा राखी चेकजाच पश्चात घर पठाउने काम गरेको थियो।

९९. १८०० सम्म व्यवस्थापन गर्ने गरि पूर्वीचौकीका ७ वटा वार्डका विभिन्न विद्यालय, खालीघर आदीमा ३७ वटा क्वारेन्टिन व्यवस्थापन गरि आएका मानिसहरुलाई क्वारेन्टिनमा राखेको थियो।

१००. पुर्वीचौकी गापा अन्तरगत सानागाउ स्वास्थ्य चौकीलाई विषेशज्ञ सहितको स्वास्थ्य सेवा प्रदान गर्नका लागि १ जना MBBS डाक्टरको व्यवस्था गरी भिडियो एक्सरे तथा एक्सरे सेवा सुरु गरेको छ।

१०१. छाउपडी प्रथाको अन्त्य गर्न छाउ नवार्ने महिलालाई प्रति महिला रु ५ हजारका दरले दोसल्ला र प्रमाणपत्र सहित १४ जनालाई पुरस्कृत गरिएको।

१०२. महिला स्वास्थ्य स्वयसेविकाको मनोबल बढाउनका लागि उपाध्यक्ष सँग महिला स्वास्थ्य स्वयसेविका कार्यक्रम सञ्चालन गरी प्रोत्साहन स्वरुप वार्षिक एकमुष्ट नगद ३ हजारका दरले दोसल्ला, प्रामाणपत्र सहित ६४ जनालाई पुरस्कृत गरियो।

१०३. संघीय सरकारको सहयोगमा रानढुङ्गा पर्यटकिय क्षेत्र विस्तार गर्न टेण्डर आह्वावन भएको छ जसमा ३ करोड ४६ लाख संघ र १ करोड ४३ लाख स्थानीय तहको Matching बाट ५ करोडकोरेलिङ्ग बाटो, प्रतिक्षालय, स्वागत गेट, मन्दिर, पर्खाल निर्माण हुने प्रक्रियामाछ।

१०४. संघीय सरकारको सहयोगबाट सानागाउ, गाँजरी, पोखरी, बगडा, गजडा दुलवस्ता कालोपत्रे सडक निर्माणमा ४० करोड विनियोजन भई कार्य अगाडी बढेको छ।

१०५. खिरसैन खानेपानीको ठेक्का सम्झौता भई कार्य अगाडी बढेको छ।

१०६. १० शैयाको अस्पतालको ठेक्का सम्झौता भई कार्य अगाडी बढेको छ।

१०७. आयुर्वेद भवनको ठेक्का सम्झौता भई कार्य अगाडी बढेको छ।

१०८. गाउँपालिका कार्यालय भवनको लागि १२ करोड ६ लाखको वजेट विनियोजन भइ निर्माण कार्य अगाडी बढाइएको छ।

१०९. शिक्षा तर्फ ५२ जना बालबिकास सहजकर्ता को तलबमा रु ७००० ले बृदि गरि प्रत्येक सहजकर्ताको मासिक तलब रु. १५००० पुर्याइएको छ, ४४ जना बिद्यालयका कार्यालय सहयोगी को तलबमा रु ७००० ले बृदि गरि प्रत्येक कार्यालय सहयोगीको मासिक तलब रु. १५००० पुर्याइएको छ, ४१ जना गा.पा.अनुदान मा.वि. शिक्षकको तलबमा रु ३००० ले बृदि गरि प्रत्येक शिक्षकको मासिक तलब रु. १८००० पुर्याइएको छ, ३ जना गा.पा.अनुदान आ.वि. शिक्षकको तलबमा रु ५००० ले बृदि गरि प्रत्येक शिक्षकको मासिक तलब रु. १५००० पुर्याइएको छ, ८ जना बिद्यालयका लेखापालको तलबमा रु ५००० ले बृदि गरि प्रत्येक लेखापालको मासिक तलब रु. १८५०० पुर्याइएको छ, ६ जना समुदायीक सिकाई केन्द्रका सहजकर्ताको तलबमा रु ३००० ले बृदि गरि प्रत्येक सहजकर्ताको मासिक तलब रु. ११००० पुर्याइएको छ|

११०. प्रत्येक वडामा वडास्तरीय युवा क्लब गठन गरिएको छ|

१११. सबै वडामा नागरिक वडापत्रको व्यावस्थापन गरिएको छ|

११२. नेपालका ४६० वटा गाउँपालिका मध्ये २१ वटा गाउँपालिकामा सुचारु हुने खानेपानी, सरसफाई तथा स्वाछता(WASH) कार्यक्रमलाई यस पूर्वीचौकी गाउँपलिकामा पनि पार्न सफल भइएको छ|

११३. नेपालका ७५३ वटा स्थानीय तह मध्ये ९ वटा स्थानीय तहमा सुचारु हुने नमुना जलवायु अनुकुलन कार्यक्रमलाई यस पूर्वीचौकी गाउँपलिकामा पनि पार्न सफल भइएको छ|

**आदरणीय सभासद ज्यू**

अव म विषयगत क्षेत्रहरुको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न चाहान्छु ।

## २२. आर्थिक विकास तर्फ निति, बजेट तथा कार्यक्रम :

१. पुर्वीचौकीका सवै वडालाई उत्पादन हुने खाद्यवस्तु तथा तरकारीको अवस्थाहेरी Pocket Zone कोरुपमा निर्धारण गर्ने निती अवलम्बन गर्ने ।

२. कृर्षिका भौतिक संरचना निर्माण गर्दा कृषक समुह वा व्यक्तिलाई कबुलियतीनामा लिएर मात्र योजना निर्माणका लागि स्वीकृती दिने निती अवलम्बन गर्ने ।

३. पुर्वीचौकी गाउपालिकाको श्रोतका रुपमा रहेका गण्डीगाड, फुलौटीगाड, छोलेगाड तथा चिन्नीगाडमा उपलब्ध वालुवा, गिट्टी, ढुङ्गा उत्खनन गरी आयस्रोतमा वृद्धि गर्ने नितीलाई अवलम्बन गर्ने ।

४. गाउपालिका स्तरमा सञ्चालित सवै पसल तथा होटल व्यवसायहरुलाई अनिवार्य रुपमा गाउपालिकामा दर्ता गर्न निती अवलम्बन गर्ने र सवैबाट व्यवसाय करलाई प्रवर्द्धन गरिने छ।

५. गाउपालिका स्तरमा भएका दक्ष जनशक्तिहरु (सिकर्मी, डकर्मी आदि) को पहिचान गरी उनीहरुलाई वर्गीकरणका आधारमा प्रमाणपत्र उपलब्ध गराउने निती अवलम्बन गर्ने ।

६. गाउपालिका स्तरमा भएका कच्चा पदार्थका रुपमा रहेका बास, निगालो, मुथो आदिबाट बन्ने डोका, डाला, फिनो तथा आधुनिक मुडा, रयागको व्यवसाय गरी वार्षिक ५० हजार सम्मको आम्दानी गर्ने व्यवसायहरुलाई प्रशंसा पत्र सहित रु ५ हजार, १ लाख सम्मको आम्दानी गर्ने व्यवसायहरुलाई प्रशंसा पत्र सहित रु १० हजार, १ लाख भन्दा माथि सम्मको आम्दानी गर्ने व्यवसायहरुलाई प्रशंसा पत्र सहित रु १५ हजार सम्मको पुरस्कार दिने निती अवलम्बन गर्ने निति लिइनेछ ।

७. House wiring, Plumbing, Mobile repairing, सिकर्मी, डकर्मी तथा अन्य व्यवसाय गरि आय आर्जन गर्ने तथा स्वरोजगार बनेका वा भएका व्यक्तिहरुलाई श्रम नै सौन्दर्य हो भन्ने कुरालाई आत्मसाथ गर्दै पुरस्कार तथा प्रशंसा पत्रबाट सम्मान गरिने निती अवलम्बन गर्ने ।

८. यस गाउपालिकामा उत्पादिन विभिन्न खाद्य तथा तरकारी व्यवस्थापन गर्नका लागि शित भण्डारको व्यवस्थापन गर्न संघीय सरकार तथा प्रदेश सरकारको संयुक्त साझेदारीमा सञ्चालन गरिने नीति अवलम्बन गरिने छ ।

९. सानो लागत भएका तर काम गरी स्वरोजगार बन्न चाहने कृषकहरुका लागि अध्यक्ष कृर्षि कर्जा कार्यक्रम सञ्चालन गरिने छ ।

१०. कालिचपालन व्यवसाय सञ्चालन गर्ने कृषकहरुलाई अनुदान कार्यक्रमका लागि संघ तथा प्रदेश सरकारसँग पहल गरी सिफारिस गरिने निति निर्माण गरिने छ ।

११. सबै आयोजनालाई कृर्षि सँग जोडिएर लैजान निती बनाइने छ ।

१२. स्थानीय उत्पादनलाई बजारीकरण गर्नका लागि प्रत्येक वडामा महिनाको एक पटक हाटबजारको आयोजना गरिने निती अवलम्बन गरिने छ ।

१३. विभिन्न कृर्षि उत्पादनका लागि गाउपालिका स्तरमा विउ नर्सरीको स्थापना गर्ने निति बनाइने छ ।

१४. सामुहिक खेती तथा सहकारी खेतीको माध्यमबाट कृर्षि उत्पादनमा वृद्धि ल्याउने निती लिइने छ ।

१५. प्रत्येक वडामा संकलन केन्द्रहरु स्थापना गर्ने र प्रत्येक संकलन केन्द्रमा २ जनाका दर संकलन कर्ता भर्ना गर्ने र भर्ना भएका संकलन कर्तालाई संकलन सामाग्रीको मुनाफाबाट पारिश्रमिकको व्यवस्थापन गरिने निती अवलम्बन गरिने छ ।

१६. पुर्वीचौकी गाउपालिकालाई मासुमा आत्मनिर्भर बनाउने निती अवलम्बन गरिने छ।

१७. गाउपालिका स्तरमा भएका सामुदायिक तथा कबुलियती वनलाई आयआर्जनका लागि जडीबुटी खेती गर्न प्रेरित गर्ने र प्रस्ताव पेश गरे अनुसार आवश्यक प्राविधिक ज्ञान, विउ, मल तथा सिचाइको व्यवस्थापनका लागि अनुदान दिने निती अवलम्बन गरिने छ ।

१८. आयआर्जन कमजोर भएका दलित, एकल महिला तथा दिर्घरोगीहरुको गाउपालिकाले निशुल्क स्वास्थ्य विमा गरिदिने व्यवस्थाको निती अवलम्बन गरिने छ ।

१९. भारत तथा तेस्रो मुलकबाट आएका, रोजगारी गुमाएका युवाहरुको सीप पहिचान गरी सीप अनुसारको काममा सहभागी गराउने र सीप नभएका व्यक्तिहरुलाई सीपमुलुक तालिमको आयोजना गरिने छ । साथै उद्यमशीलता विकास गराउन विउँ पुजी उपलब्ध गराउने गरी आवश्यक व्यवस्था गरिने छ ।

२०. खालीबोतल, सिसी, फलामका टुक्राहरु, विग्रेका सोलार प्यानल, ब्याट्री, खेर गएका कपडा जस्ता चिजहरुको यहि आ.वमा खरिद ऐन र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम अनुसार टेण्डर प्रक्रियाबाट बोलपत्र आहान्वन गरी ठेक्का प्रक्रिया सञ्चालनमा ल्याउने निति अवलम्बन गरिने छ ।

२१. सडकको दाया बाया, सामुदायिक र कबुलियती वनबाट ढुङ्गा, वालुवा, गिट्टी उत्खनन गरी व्यक्तिगत प्रयोजनका लागि प्रयोग गर्ने कार्य भईरहेको कुरा सर्वविदतै छ, अवका दिनमा यस्ता कार्यहरु गर्नेलाई प्रचलित कानुन बमोजिम कारवाही गरिने निती बनाइने छ ।

२२. गाउपालिकाको आयस्रोत वृद्धि गर्न यदि कुनै व्यक्ति वा संस्थालाई निर्माणका काम गर्ने अवस्था सिर्जना भएमा, आवश्यक पर्ने निर्माण सामग्रीहरु कुन स्थानबाट उत्खनन गरिने हो सो स्थान खुलाई गा.पामा आवश्यक कागजात सहित निवेदन पेश गर्ने र सो निवेदन उपर आवश्यक छानविन पश्चात गा.पाले सोको अध्ययन गरी वडा कार्यालयको सिफारिस अनुसार उपयुक्त भएमा २१ दिन भित्र अनुमति प्रदान गर्ने र उक्त कार्य अथवा सुविधा प्राप्त गरे बाफत लिइने रोयल्टीमा सम्बन्धित व्यक्ति तथा उपभोक्तालाई ३०प्रतिशत तथा गा.पालाई ७० प्रतिशत बराबरको रकम राजश्वमा दाखिला गर्नु पर्ने निती अवलम्बन गरिने छ ।

२३. नेपाल सरकारको नीती अनुसार आवास कार्यक्रममा फुसको छाना हटाई जस्तापाता प्रदान गर्ने कार्यक्रमका लागि संघीय सरकार सँग २०० घरधुरीका लागि जस्तापाता माग गरिने छ ।

२४. नेपाल सरकारबाट प्राप्त गरीवी निवारणका लागि प्राप्त अनुदान रकम हालसम्म नियमित रुपमा सञ्चालन हुन नसकेको हुदा सो रकमलाई एकीकृत गरी रोजगारी सिर्जनाका माध्यमबाट कोषको परिचालन गर्ने नीती अवलम्बन गरिने छ ।

२५. गाउपालिकाको धार्मिक, पर्यटकिय, पुर्वाधार, जलस्रोत आदिको DPR तयार गरी कार्यक्रम लागु गरिने छ।

२६. गाउँ क्षेत्रमा गुणस्तरीय उत्पादन सामग्रीहरू र कृषिको यान्त्रिकीकरणका लागि कृषकमैत्री औजार, उन्नत प्रविधि एवं सुलभ कृषि कर्जाको लागि वित्तीय संस्था संग पहल गरिने छ।

२७. कृषि पेसालाई मर्यादित बनाउन हरेक वर्ष गाउँ स्तरमा उत्कृष्ट अध्यक्ष कृषक पुरस्कारबाट ७ जना कृषकलाई सम्मान गरिने छ । उक्त पुरस्कार गाउँपालिका स्थापना दिवसका वा गाउसभा दिन वितरण गरिने छ। यसका लागि रु ७० हजार रकम विनियोजन गरिएको छ।

२८. गुणस्तरीय पशुआहाराको उपलब्धता बढाउन चरन विकास, डालेघाँस, भुईघाँस उत्पादन, बिउ वृद्धि, दाना, औषधी र घाँस सम्मिश्रण, मिनरल ब्लक आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य पदार्थहरूको सदुपयोगलाई प्रोत्साहन गरिनेछ। "**एक वडा एक घाँसेवाली स्रोत केन्द्र**"स्थापनालाई अनिवार्य गरिनेछ। यसका लागि वन, संरक्षणभू तथा कृषि विकास कार्यालयहरूसँगको समन्वयमा सामुदायिक वन, कबुलियती वन तथा कृषि फार्महरूमा घाँसेबाली प्रवद्र्धनका लागि पहल गरिनेछ।

२९. कृषि क्षेत्रमा कृषकलाई मल, बिउ, प्रविधि वितरण गर्ने, अवलोकन भ्रमण तालिम, कृषि अनुदानको व्यवस्था आदी कार्यक्रम गरिने छ।

३०. कृषिमा बिषादी युक्त उत्पादनलाई निरुत्साहित गर्दै organic व्यावसायिक कृषि प्रबद्धमा जोड दिइनेछ

३१. कृषि संकलन केन्द्र निर्माण गरि उत्पादित कृषि सामग्री कृषि संकलन केन्द्रमा ल्याइ हाटबजारको माध्यामबाट कृषि सेवा अगाडी बढाइने छ।

३२. पूर्वीचौकी गाउँपालिकाका मठ, मन्दिर, कला, संस्कृति, परम्परा, ऐतिहासिकता बोकेका सम्पदाको सुची भित्र रहेका ठाउँको पहिचान गरि संरक्षण र सम्बर्द्धन गरि बिकासको नीति ल्याई पर्यटकीय गन्तव्यको रुपमा पर्यटकीय विकास गरिनेछ । पूर्वीचौकी गाउँपालीकाको वडा नं. २ बगलेकमा होमस्टे संचालन भइरहेको छ।

३३. घरेलु उद्योग, लघुउद्योग जस्तैः कपडा बुन्ने, मसला जन्य उद्योग, पाउरोटी उद्योग, स्थानीय स्रोतमा आधारीत अल्लो, लोक्ता, नेपाली कागज बनाउन प्रयोग गरिने वणु, बास, निगाला बाट दराज, र्‍याक ह्याट क्याप, आदि बनाउन उद्योग स्थापना गर्न गाउँपालिकाले अनुदानका कार्यक्रम संचालन गर्ने छ। यसका लागि विभिन्न संघसंस्था हरुको सहयोगमा अगाडी बढाइने छ।

## २३. सामाजिक विकास तर्फ निति, बजेट तथा कार्यक्रम :

१. पुर्वीचौकी गाउपालिकाको शिक्षा नीतीलाई वलियो बनाउन योग्य र दक्ष, स्नातक र स्नात्तोकोत्तर गरेको जनशक्तिलाई परिचालन गर्ने निति लिइने छ।

२. विद्यालयका विद्यार्थीलाई Dropout बाट रोक्ने र स्कुल शत प्रतिशत भर्ना हुने निति अवलम्बन गर्ने र १८ वर्ष भन्दा मुनीका वालवालिकाहरुलाई भारत पठाउने अभिभावकहरुको गाउपालिकाबाट पाउने सेवा सुविधा रोक्ने नीती लिइने छ।

३. पुर्वीचौकी गापा अन्तरगतको सामुदायिक सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको रुपमा सानागाउ स्वास्थ्य चौकीलाई तोकी सेवा प्रदान गर्ने नीति अवलम्बन गरिने छ।

४. पुर्वीचौकी गापा अन्तरगत सानागाउ स्वास्थ्य चौकीलाई विषेशज्ञ सहितको स्वास्थ्य सेवा प्रदान गर्नका लागि १ जना MBBS डाक्टरको व्यवस्था गरिने छ। डाक्टरको व्यवस्था तथा स्वास्थ्य उपकरण खरिदका लागि रु २५ लाख रकम विनियोजन गरिएको छ।

५. Corona Virus Covid-19 बाट प्रभावित भएका वेरोजगारी व्यक्तिहरु, विभिन्न किसिमका हिसा पीडित व्यक्तिहरु, मानसिक समस्या भएका व्यक्तिहरुलाई मनोरन्जन तथा मनो परापर्श प्रदान गर्नका लागि योग तथा मनो मरापर्श कर्ता भर्ना गर्ने निति अवलम्बन गरिने छ।

६. छाउपडी प्रथाको अन्त्य गरी समतामुलुक समाज निर्माण गर्ने निती अवलम्बन गरिने छ।

७. वर्षको १२ दिन अर्थात १ महिनाको १ पटक आफ्नो समुदायमा सञ्चालन भएका सामुदायिक आयोजनाहरुमा तथा अन्य कार्यमा अनिवार्य श्रमदान प्रदान गर्ने निति बनाइने छ।

८. पुर्वीचौकी गाउपालिका अन्गरगत क्यान्सर पीडित व्यक्तिहरुलाई उपचार तथा राहत वितरणका लागि गापा क्यान्सर कोष स्थापना गरिने निती बनाइने छ।

९. महिला स्वास्थ्य स्वयसेविकाको मनोबल बढाउनका लागि उपाध्यक्ष सँग महिला स्वास्थ्य स्वयसेविका कार्यक्रम सञ्चालन गरी प्रोत्साहन स्वरुप वार्षिक एकमुष्ट ३ हजारका दरले प्रदान गर्ने नीती अवलम्बन गरिने छ।

१०. सबै समुदायले-एकअर्काका धार्मिक र सांस्कृतिक सम्पदाहरूप्रति सम्मान दर्शाउने र आफ्नो धार्मिक, सांस्कृतिक सम्पदाको आफैं संरक्षण र प्रवर्द्धन गराउने व्यवस्था गरिनेछ।

११. चार वर्ष उमेर समूहका सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अवसर प्रदान गर्न विद्यालय संरचनाभित्रै प्रारम्भिक बालशिक्षा सञ्चालन गर्ने नीति लिईनेछ।

१२. गाउँ क्षेत्र भित्र संचालन हुने कार्य तथा कृयाकलापहरुमा बालश्रमिकको प्रयोग र परिचालनलाई निषेध गरिने नीति लाई निरन्तरता दिईने छ। गाउँपालिका भित्र रहेका वडाहरुलाई बालश्रम मुक्त घोषणा गर्ने अभियानलाई तिव्रता दिईने छ।

१३. गाउँलाई महिला हिसामुक्त गाउँपालिका बनाउनको लागि आवश्यक पहल कदमीको शुरुवात गरिनेछ।

१४. बालविवाह तथा बहुविवाहलाई पूर्ण रुपमा अन्त्य गरिनेछ।

१५. महिला सशक्तिकरण र आयआर्जन कार्यक्रमहरुलाई अगाडी बडाईनेछ।

१६. गाउँमा स्वास्थ्य केन्द्रको व्यवस्थापन, स्वास्थ्य चौकीहरुको संचालन, क्षमता विकास तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता विकास गरिने छ।

१७. शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रूपमा अघि बढाई विद्यालयहरूमा शिक्षकहरूको समतामूलक वितरण सुनिश्चित गरिनेछ।

१८. प्रत्येक विद्यालयमा छात्र र छात्राको लागि अलग शौचालयको व्यवस्था गरिनेछ।

१९. विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाइ सुनिश्चितताका लागि मातृभाषा, राष्ट्रिय भाषा र अन्तर्राष्ट्रिय भाषालाई शिक्षण सिकाइको माध्यमका रूपमा अपनाई शिक्षामा बहुभाषिक नीति अवलम्बन गरिनेछ।

२०. लैङ्गिक अल्पसंख्यकहरुलाई आत्म सम्मानपूर्वक जीवन यापन गर्ने कार्यक्रमहरु संचालन गरिनेछ।

२१. गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर कायम गर्दै विद्यालयका लागि सुरक्षित भवन, शैक्षिक सामग्री, प्रयोगशाला, खानेपानी, छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय, खेलकुदको व्यवस्था, सरसफाइ आदिको प्रबन्ध गरिनेछ।

२२. नवजात शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ।

२३. कलाकार, खेलाडी, स्रष्टा, संस्कृतिकर्मी, मिडियाकर्मी र सबै क्षेत्रका अगुवा र समाजसेवीहरुलाई सम्मानका साथ सामाजिक अभियानमा उत्प्रेरित गरिनेछ। राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा पूर्वीचौकी गाउँपालिकालाई चिनाउन उचित नीति लिईनेछ।

२४. जेष्ठ नागरिक, एकल र विधवा महिला, अशक्त अपाङ्ग र बालवालिकालाई नेपाल सरकारवाट प्रदान गरिँदै आएको सुरक्षा भत्ता समयमै सुलभ तरिकावाट उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

२५. जेष्ठ नागरिकहरुको ज्ञान अनुभवलाई उपयोग गरिने कार्यक्रमहरु संचालन गरिनेछ शिक्षा सम्बन्धि रहेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य मान्यता लाई आत्मसबल गरिनेछ।

२६. आधारभूत शिक्षालाई अनिवार्य एबम् नि:शुल्क बनाइनेछ।

२७. अपांगता भएका र आर्थिक दृष्टिले कमजोर प्रत्येक व्यक्तिलाई माध्यामिक तह सम्मको शिक्षा नि:शुल्क दिईनेछ।

२८. बातावरण मैत्री , बालमैत्री एवम् अपांगमैत्री भौतिक संचरना निर्माणमा बिशेष जोड दिईनेछ।

२९. स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने निती लिइने छ। यसका लागि रु २५ लाख रकम विनियोजन गरिएको छ।

३०. सामुदायिक बिद्यालयमा पनि अंग्रेजी माध्यमबाट शिक्षण, सिकाई क्रियाकलाप संचालन गर्ने बातावरण सृजना गरिने छ।

३१. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संकृति प्रबर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ, नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिबासी जनजाति) जस्ता क्षेत्र समाबेश गरिनेछ।

३२. अम्रिसो, टिम्मुर तथा अन्य जडिबुटी खेती गर्ने निति अवलम्बन गरिने छ।

३३. न्यायिक क्षेत्रलाई स्वच्छ र सवैलाई न्याय पुग्ने निति अवलम्बन गरिने छ।

## २४. पुर्वाधार विकास तर्फ निति, बजेट तथा कार्यक्रम :

१. पुर्वीचौकी गाउपालिका अन्तरगतका सम्पुर्ण निर्माण गर्ने सडकमा गाउपालिकाको मसिनलाई पहिलो प्राथमितामा राखी प्रयोग गर्ने निती अवलम्बन गरिने छ।

२. जनताको सुरक्षालाई ध्यानमा राखी बगलेक र पोखरीमा अस्थाई प्रहरी पोष्ट स्थापना गर्ने निती अवलम्बन गरिने छ। यसका लागि संघ तथा प्रदेशमा पहल गरिने छ।

३. स्वास्थ्यलाई ध्यानमा राखी पुर्वीचौकी गाउपालिका वडा नं ७ मा ढल निकासका लागि आवश्यक पहल गरिने निती अवलम्बन गरिने छ।

४. उज्यालो पुर्वीचौकी बनाउने कार्यक्रमलाई निरन्तरता दिई २०७९ साल सम्ममा सबै वडाका सम्पुर्ण घरधुरीमा बत्ती बालि सक्ने निती बनाइने छ।

५. यस गाउपालिकामा रहेका सम्पूर्ण ग्रामीण सडकलाई सदावार चल्ने बनाउनका लागि लाई संघ तथा प्रदेश सरकारसँग समन्वय गरी स्तरोन्तरी गर्ने नीति लिइने छ।

६. सानागाउ, सिमलडाडा, गाँजरी, पोखरी, बगडा, गजडा, दुलवस्ता, सुक्लिमाटी, चौखुट्टे काडामाण्डौ हुदै चिन्नेकोट सडक निर्माण तथा स्तरोन्तरी गर्न संघीय सरकारसँग समन्वय तथा सहकार्य गर्ने र गाउपालिका बाट Details Project Report तयार गरिने निती अवलम्बन गरिने छ। साथै ४० करोड

रकम विनियोजन भइ सडक डिभिजन कार्यालय कुलपातेबाट ठेक्काका लागि सुचना प्रकाशन गरिएको ।

७. शान्तिनगर बगलेक सडक स्तरोन्तरी गर्ने यसका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिने निति लिइने छ ।

८. पुर्वीचौकी गाउपालिकामा भुमि बैकको स्थापना गरिने निती बनाइने छ ।

९. गाउँपालिकाका क्षेत्रमा सञ्चालन गरिने पुर्वाधार वा सामाजिक विकाससँग सम्बन्धित कुनै पनि कार्यक्रम वा परियेजना तर्जुमा, कार्यान्वयन अनुगमन सञ्चालन व्यवस्थापन चरणहरुमा सामाजिक तथा वातावरणीय सन्तुलन, प्रकोप व्यवस्थापन पक्ष समेतलाइ ध्यानमा राखि आयोजनाहरुको निर्माण गर्ने निती अवलम्वन गरिनेछ।

१०. गाउँपालिकाको समग्र विकास निर्माणमा सार्वजनिक र निति साझेदारीको अवधारणा अवलम्वन गरिनेछ

११. गाउँपालिकाद्धारा पूर्वाधार विकास गरिएका योजनाहरुको दिगो विकासका लागि मर्मत सम्भार वा सेवा शुल्क तोकी मर्मत कार्यलाई अगाडी बढाइनेछ ।

१२. गाउँपालिका क्षेत्र भित्र पर्याप्त खानेपानीको व्यवस्थाको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरि खानेपानीका आयोजनाहरुलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।

१३. पूर्वीचौकी गाउँपालिका क्षेत्र भित्र रहेका मुख्य सडक चक्रपथको विस्तृत परियोजना प्रतिवेदन तयार गरि सडक निर्माणको कार्यलाइ तिब्रताका साथ अघि बढाइनेछ ।

१४. पूर्वीचौकी गाउँपालिकाका ७ वडामै वडास्तरीय खेलमैदान बनाउने निति लिइने छ।

## २५. वन वातावरण तथा विपद व्यवस्थापनतर्फ निति, बजेट तथा कार्यक्रम :

१. सरसफाई अन्तरगत वातावरण मैत्री विकास प्रवर्द्धन गर्नप्रत्येक घरमा भाडा माझने च्याङ्ग, फोहर फाल्ने डस्वीन (नसडने वस्तु र सडने वस्तु) अनिवार्य रुपमा प्रयोग गर्न लगाउने निती अवलम्बन गरिने छ ।

२. स्वच्छ तथा हराभरा पूर्वीचौकी गाउँपालिका बनाउन सडकको दायाँ बायाँ वृक्षारोपण कार्यक्रम तथा पार्क, उद्यान कार्यक्रमलाई निरन्तरता दिइनेछ । जलवायु परिवर्तन र यसको प्रभावका कारण पानीको स्रोतमा आएको कमी र जमिन मुनिको पानिको सतह घटेको कुरालाई ध्यानमा राख्दै एक वडा एक पोखरीको कार्यक्रमलाइ निरन्तरता दिदै भएका पोखरी, ईनार, कुवा, धारा, आदिको संरक्षणमा विशेष जोड दिईने छ ।

३. सार्वजनिक स्थलहरुमा फोहोरमैला फ्याक्ने, सूर्तीजन्य पदार्थको प्रयोग गर्ने, भित्तेलेखन गर्ने र मापदण्ड विपरितका प्लास्टिक झोला वा वातावरणमा प्रतिकुल असर पार्ने सामाग्रीको प्रयोगलाई पूर्णतः निषेध गरिनेछ ।

४. पूर्वीचौकी गाउँपालिका क्षेत्रभित्र रहेको वनक्षेत्रलाई संरक्षण, सम्वर्द्धनर वनको दिगो व्यवस्थापनको उपभोग लागि समुदायमा आधारीत वन व्यवस्थापनलाई प्रबर्द्धन गरिनेछ।

**२६. सुशासन तथा संस्थागत विकासतर्फ निति, बजेट तथा कार्यक्रम:**

१. सेवा प्रवाहको क्षेत्रमा सेवालाई सवैजन्तालाई सर्वसुलभ हुनेगरी सेवा प्रवाह गर्ने निती अवलम्बन गर्ने।

२. अपाङ्गको स्तर वृद्धि तथा सिविर संचालन गरिने नीति अवलम्बन गरिने छ

३. गाउपालिकाको सम्पुर्ण तथ्याङ्क नभएको हुनाले तथ्याङ्क संकलन तथा गाउपालिकाको प्रोफाइल अद्यावधिक तथा व्यवस्थापन गरिने छ।

४. कुनै पनि आयोजना सञ्चालन गर्दा त्यसको Details Estimate Study गेरेर मात्रै लागु गरिने निती बनाइने छ।

५. यस आ.व २०७८।०७९ मा गाउपालिका स्तरबाट निर्माण हुने सम्पुर्ण विकास निर्माण आयोजनाहरुको २०७८ साल कार्तिक मसान्त सम्म प्राविधिक शाखाबाट लागत, डिजाइन इष्टमिट बनाई सक्ने निती अवलम्बन गरिने छ।

६. गाउपालिकामा कार्यरथ स्थाई कर्मचारीहरुको भविष्यलाई मध्यनजर गरी अवकाश हुने वेला तलबको १० प्रतिशत र गापाबाट १० प्रतिशत रकम उपलब्ध गराउने उद्देश्यले अवकाश कोष स्थापना गर्ने निती अवलम्बन गरिने छ।

७. गाउपालिकाका जनप्रतिधि तथा कार्यरत कर्मचारीहरुको लागि निश्चित आचारसंहिता बनाई लागु गर्ने नीती अवलम्बन गरिने छ।

८. गाउपालिकामा First come first service को आधारमा सेवा प्रदान गर्न टोक्कन प्रणाली लागु गरिने छ।

९. नेपालको निसान छाँप र गापाको पहिचान झल्किने गरी गाउसभाका सदस्यहरु तथा गापामा कार्यरथ कर्मचारीहरुलाई लोगो बनाई प्रदान गरिने निती बनाइने छ।

१०. गाउँपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्ग, बृद्ध-बृद्धा एवम् दृष्टिविहिनहरुको लागि प्राथमिकताका साथ उपलब्ध गराइनेछ।

११. कर्मचारीको कार्य सम्पादन मुल्याङ्कन पद्दतिलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवम जवाफदेही बनाइनेछ।

१२. पत्रकारिता क्षेत्रको, प्रर्वद्धन एवम् विकासका लागि पत्रकार महासंघ लगाएत संचार सम्बर्द्धन निकायसँग समन्वय गरी संचारमैत्री कार्यक्रम सञ्चालन सुचना प्रकाशित तथा छपाई गर्ने निति लिइनेछ।

१३. वडा तथा गाउँपालिकामा कार्यरत कर्मचारी क्षमता विकास गर्न सरुवा तथा जिम्मेवारी हेरफेरको नीति अवलम्बन गरिनेछ।

१४. वडा कार्यालयहरुलाई नागरिकको पहिलो र नजिकको सरकारको रुपमा विकास गरिनेछ। वडा कार्यालयहरुलाई भौतिक सुविधा सम्पन्न गरिदै लागिने छ र आवश्यक जनशक्ति आपुर्ती गरिनेछ। प्रत्येक वडा कार्यालयहरुमा नागरिक वडा पत्र राखिनेछ

१५. गाउँपालिकामा आवश्यक र उपयुक्त कानुन, नियमावलि, कार्यविधि तथा निर्देशिकाहरु तयार गरी गाउँवासीहरुलाई सहज, सरल र प्रभावकारी सेवा प्रदान गरिनेछ।

१६. गाउँसभाबाट सम्पन्न हुने हरेक आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण सुनुवाई, समाजिक परिक्षण जस्ता कार्यहरुबाट पारदर्शीता एवम् स्थानिय सुशासन कायम गरिनेछ। गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिनेछ।

१७. गाउँपालिकाको समग्र विकासमा सामुदायिक संस्थाहरु, गैरसरकारी क्षेत्र, सहकारी क्षेत्र, निजी क्षेत्र, अन्तराष्ट्रिय विकास साझेदारीहरुसँग साझेदारी र सहकार्य गरिनेछ।

१८. यस गाउँपालिकाको वार्षिक बजेट, निति तथा कार्यक्रममा नसमेटिएका सम्बन्धित तर निकायबाट आकस्मिक रुपमा प्राप्त हुने बजेट तथा कार्यक्रम र गा.पा. भित्र गर्नुपर्ने आकश्मिक तथा अत्यावश्यक कार्यहरु गाउँकार्यपालिका द्धारा निर्णय गरी कार्यान्वयन गर्ने र आगामी गाउँसभाबाट अनुमोदन गर्ने निति अवलम्बन गरिनेछ।

१९. गापामा काम गर्न इच्छुक INGO and NGO हरुले बिना स्वीकृति लिई कार्यक्रमलाई दोहोरोपना हुन नदिन एकद्धार प्रणाली मार्फत कार्य संचालन गर्ने नीती अवलम्बन गरिने छ।

२०. गत वर्षका जारी गरेका नीती तथा कार्यक्रमहरु र अधुरा भौतिक संरचनालाई निरन्तरता दिने निती लिइने छ।

**२७. कृषि तथा पशुपन्छी विकास :**

**१.** परम्परागत र निर्वाहमुखी खेतीको विकल्पमा कृषकहरुलाई आधुनिक र सामुहिक कृषि प्रणाली अबलम्बन गर्न प्रेरित गर्दै त्यसका लागि सीप, ज्ञान र प्रबिधि उपलब्ध गराउन आवश्यक तालिमको व्यवस्था गरिनेछ।

**२.** पुर्वीचौकी गाउपालिकाका७ वटा वडामा एक गाउ एक उत्पादन कार्यक्रम सञ्चालन गर्न विभिन्न संघ संस्थासँग समन्वय गरी आवश्यक प्राविधिक तालिम प्रदान गरिनेछ।

**३.** गाउपालिका भित्र उत्पादित तरकारी तथा फलफुलजन्यउपजहरुसंकलनको लागि चौखुट्टे, सानागाउ, साँझघाट र खिरसैन बजारमा कृषि उपज संकलन तथा भण्डारण केन्द्रका स्थापना गरिनेछ।

**४.** गाउँपालिकामा मकै वीउ पकेट क्षेत्र स्थापना गरिनेछ।

**५.** व्यावसायिक तरकारी खेती, मत्स्यपालन, पुष्प व्यवसाय, मौरीपालन, पशुपालन तथा च्याउ, अदुवा, लसुन, प्याज, वेसार, अलैचीतथा कफी खेती लगायतमा युवाहरुलाई आकर्षित गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

**६.** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत गाउपालिका भित्रकाक्षेत्रलाइ मक ब्लक तथा आलु सुपर जोन कार्यक्रमलाई प्राथमिकता र प्रभावकारी ढंगले कार्यान्वयन गर्ने नीति लिइनेछ र अन्य उपयुक्त क्षेत्रमा तरकारी तथा फलफुलका पकेट क्षेत्र विस्तार गरिनेछ।

७. पशु विमा कार्यक्रम, पाडापाडी हुर्काउने कार्यक्रमलाइ विशेष प्राथमिकता साथ संचालन गरिनेछ ।

८. कृषि पेशालाई मर्यादित, वैज्ञानिक तथा उत्पादनमूलक बनाउन गरीब तथा जेहेन्दार विद्याथी पहिचान गरी उच्च कृषि शिक्षा अध्ययनका लागि गाउ स्तरीय विशेष कृषि छात्रवृत्ती कोषका व्यवस्था गरिनेछ ।

९. सामुदायिक वन लगायत बाँझो जमिनमा विभिन्न जातका फलफुलका बिरुवा रोपी कृषि वनमा रुपान्तरित गरिनेछ ।

१०. जग्गा बाँझो राखी शहर केन्द्रित जग्गा धनीहरुका निजी जग्गामा वृक्षारोपण गराई एक परिवार एक निजी वन बनाउनप्रोत्साहित गरिनेछ ।

११. एक घर एक करेसाबारी र एक घर एक अर्गानिक उत्पादनको अवधारणा विकास गरी अर्गानिक तरकारी उपभोगका लागि कृषकहरुलाइ प्रोत्साहित गरिनेछ ।

१२. पालिका भित्रका कृषि योग्य जग्गाहरुको पहिचान गरी नमूना कृषि फार्म स्थापना गर्न कृषकहरुलाइ प्रोत्साहन गरिनेछ ।

१३. कोभिड१९ का कारण वैदेशिक रोजगारबाट फर्किएका युवाहरुका पहिचान गरी उनीहरुसँग भएका सीप तथा अनुभवकाआधारमा उद्यमशिलता स्थापना गनप्रोत्साहित गरिनेछ साथ उनीहरुल पेश गरेका प्रस्तावना हेरि म्याचिङ्ग अनुदानको व्यवस्था गरिनेछ ।

१४. कृषि सहकारीहरुलाई सामुहिक खेती गर्नप्रोत्साहन गरि सहयोग गर्न कार्यक्रमका निति लिइने छ।

## २८. वातावरण संरक्षण :

१. जलवायु परिवर्तनलाई न्यूनिकरण गर्न सामुदायिक वन तथा समुदायको सहयोगमा एक वडा एक नर्सरी तथा एक वडा एक पोखरी कार्यक्रम क्रमशः सञ्चालन गरिनेछ ।

२. चौतारा, पोखरी, खानेपानीको मुल संरक्षण लगायतका वातावरणमैत्री स्थानीय शासन प्रारुपका सूचकहरु प्रवद्धन गरिनेछ ।

३. गाउपालिकाबाट सञ्चालन गरिने पूर्वाधार निर्माणका कार्यहरुलाई वातावरण संरक्षणसँग आबद्ध गरिनेछ ।

४. वातावरणमैत्री घरका सूचक, टोल तहका सूचक, वडा तहका सूचक तथा गाउपालिका तहका सूचकहरु निर्माण गरीकार्यान्वयनमा ल्याइनेछ।

५. टोल विकास संस्थाहरुबीच वातावरणमैत्री टोल, वातावरणमैत्री वडा घोषणाको अवधारणा अनुसार प्रतिष्पर्धा गराई पुरस्कृत गर्न नीति अवलम्बन गरिनेछ ।

६. नदी, खोल्सा किनाराको दुवै तर्फको २० मिटर भूमिमा रुख तथा बोटविरुवा कटानलाई पूर्ण प्रतिबन्ध लगाउन नीति अवलम्बन गरिनेछ ।

७. एक रुख कटानी गरेबापत कटानी गर्न गराउनेले कम्तीमा दुई विरुवा हुर्काउन पर्ने नीति अवलम्बन गरिनेछ ।

८. एक गाउ एक उद्यान कार्यक्रमलाई वडा वडासम्म विस्तार गर्न वडा समितिहरुलाई प्रोत्साहित गरिनेछ ।

९. हरियाली गाउँ प्रवद्धनका लागि हरित सडक, खोला खोल्सीमा वृक्षारोपण र एक घर३ फलफुलका विरुवा रोपी हुर्काउन पर्ने नीति लिइएकोछ।

१०. गाउपालिका भित्र हुने भु-स्खलन, बाढी, आगलागी, भुकम्प आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृतिम विपत्तिबाट तुरुन्तराहतका कार्यक्रम गर्न गाउँपालिका, नेपाल प्रहरी, नेपाली सेना लगायत विभिन्न संघसंस्थाहरुसंगसमन्वय गरी कार्यान्वयनगरिनेछ।

११. गाउपालिका भित्र उपयुक्त स्थान पहिचान गरी कृतिम ताल निर्माण गरिनेछ।

१२. गाउपालिका भित्र उपयुक्त स्थान छनोट गरी सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ।

२९. **विपद व्यवस्थापन :**

१. कोभिढ १९ का संक्रमण नियन्त्रण तथा उपचारमा विशेष प्राथमिकता दिइनेछ।

२. विपदबाट हुने क्षति कम गर्न आवश्यक पर्ने न्यूनतम यन्त्र, साधन तथा औजारहरुका उचित व्यवस्थापन गर्न नीति अवलम्बन गरिनेछ।

३. विपद व्यवस्थापनलाइ 3C का सिद्धान्त (समन्वय, सहयोग तथा नियन्त्रण) का आधारमा संचालन गरिनेछ।

४. विपद उद्धार तथा राहतमा सहजताको लागि सबै वडामा एक हेलीप्याड निर्माण गर्दै लगिनेछ।

३०. **फोहरमैला तथा सरसफाइ :**

१. फोहर जसले गर्दछ मूल्य उसैले तिर्नुपर्दछ भन्ने सिद्धान्त र फोहरबाट मोहर बनाउन नीतिलाई अवलम्बन गद गाउपालिकाक्षेत्रमा उत्सर्जन हुने फोहरमैलालाई व्यवस्थित ढंगले व्यवस्थापन गरिनेछ।

२. फोहरमैला नैउत्पादन नगर्ने, गरेपनि न्यूनगर्ने, त्यसलाइपून:प्रयोगगन कार्यलाई व्यवहारमा अवलम्बनगनसरोकारवालाहरुको सहयोग र सहभागितामा सीपमुलक र सचेतनामुलक कार्यक्रम संचालन गन गराउन नीति लिइनेछ।

३. वडास्तरमा उत्सर्जन हुने फोहर वडास्तरमा नै संकलन केन्द्र तथा श्रोतमा न प्रकृति अनुसार छुटयाउन व्यवस्था मिलाउन वडासमितिहरुलाइ प्रोत्साहित गन नीति अवलम्बन गरिनेछ।

४. एक वडा एक वातावरणमैत्री पार्क तथा एक वडा एक ल्याण्डफिल्ड साइट निर्माण गर्न नीति लिइनेछ।

५. पशु-पन्छी तथा घर पालुवा जनावरले निष्कासन गन विष्टाको उचित व्यवस्थापन गर्नर त्यसबाटअरुलाईदुर्गन्ध फैलाउन तथा रोगका बाहेक बनाउन कार्यका जिम्मेवारी र जवाफदेहितासम्बन्धित जनावरका धनीको नै हुनुपर्ने नीति अवलम्बन गरिनेछ।

३१. **भौतिक तथा पूर्वाधार विकास :**

१. समपुरक कोष र विशेष योजना अन्तर्गत संचालन हुने योजनाहरुको विवरण तयार गरी माग गरिनेछ।

२. भौतिक पूर्वाधार निर्माणका क्षेत्रमा गाउपालिकाले लगानीकर्ता, उत्प्रेरक, सहजकर्ता, समन्वयकर्ता, नियामक र नियन्त्रकको रुपमा भूमिका निर्वाह गन नीति रहनेछ।

३. निर्मित पूर्वाधारहरुको नियमित मर्मतसम्भार, सञ्चालन, संरक्षण एव सम्वर्धन गर्न निजी क्षेत्र तथा सामुदायिक सहकारी क्षेत्र रउपभोक्ता समितिहरुलाइ प्रोत्साहित गर्ने नीति लिइनेछ । पूर्वाधार प्रयोगकर्ताबाट उपयोग कर संकलन गरिनेछ।

४. भौतिक पूर्वाधार निर्माणलाई स्थानीय गाउवासीहरुको दिन चर्यालाई सहजबनाउन तथा आर्थिक आयआर्जनसँग जोडदै समृद्धि तर्फउन्मुख गरिने नीति लिइनेछ।

५. बढि भन्दा बढि जनसहभागिता जुटन योजनाहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ

६. पेश्की शुन्य अभियानका लागि पेश्की दिन कार्यलाई निरुत्साहित गरी प्राविधिक मूल्याङ्कनका आधारमा भुक्तानी दिइने नीति अवलम्बन गरिनेछ, तर स्वीकृत खरिद योजना बमोजिम निर्माण सामग्री खरिद गर्न पर्ने भई उपभोक्ताका योगदान सहभागिता यकिन गरि पेश्की उपलब्ध गराउन सकिनेछ।

७. प्रत्येक वडामा अपाङ्गमैत्री सडक, भवन, बालमैत्री पार्क, स्मृती पार्क, पिकनिक स्पोट, चौतारो, पोखरी, खेलमैदान, पुस्तकालय,संग्रहालय, योगकेन्द्र आदि स्थापना गद लगिनेछ।

**३२. सडक तथा यातायात :**

१. सडक निर्माण गदा पानीका मूहानहरुलाई संरक्षण र प्रवद्र्धन गद एकीकृत रुपमा निर्माण काय अगाडि बढाइनेछ।

२. पालिकाभित्र बढी उपयोग हुने सडकहरुलाई बाह महिना सवारी साधन चल्न सक्न बनाउन प्राथमिकता दिइनेछ। साथै सडकहरुलाइ थप व्यवस्थित गर्न नाली निर्माण काय थालनी गरिनेछ।

३. सबै वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्थाहरु देखि गाउँपालिकाकार्यालयसँग जोडिएका सडकहरुको स्तरोन्नती गरी बाह्रैमासचल्ने बनाइने तथा क्रमशः कालोपत्र गर्दै लगिनेछ। साथै नयाँ ट्र्याकहरुमा नाली निर्माण अनिवार्य गरिनेछ।

**३३. खानेपानी तथा सरसफाई :**

१. स्थानीय स्तरमा रहेका पानीका मुहानहरुका संरक्षण सम्वद्धन र प्रयोग गर्न तथा टोल बस्तीका पानीका परम्परागत मुहानहरुलाईस्वच्छ र सफा राख्न प्रत्येक वडा समितिका अगुवाईमा टोल विकास संस्था, सामुदायिक संघ संस्था तथा समुदाय परिचालनगर्ने नीति अवलम्बन गरिनेछ।

२. पानीका मुहान भन्दा माथि विषादीको प्रयोग गन कार्यलाई पूर्ण प्रतिबन्ध निरुत्साहित गरिनेछ। अटेर गरी त्यस्ता काय गर्नेलाई दण्ड जरिवाना गरिनेछ।

३. Lifting को माध्यमबाट सञ्चालन गर्न सकिने खानेपानी आयोजनाहरुलाई संम्भाव्यता अध्ययन गरि संचालनका लागि पहल गरिने छ।

४. खानेपानी मुहानको २० मिटर वरपर कुनैपनि किसिमका रुख, बिरुवा काटन हटाउन नपाउने गरी समुदायको सहयोगमा कडाईका साथ पालना गर्न गराउन नीति अवलम्बन गरिनेछ।

५. सञ्चालनमा रहेका खानेपानी योजनाहरुको दिगो सञ्चालन, मर्मत सम्भार, क्षमता अभिवृद्धि तथा पुनः निर्माण जस्ता कार्य उपभोक्ताहरुका समेत लगानी तथा सहभागितामा सञ्चालन गरी गराई आधारभूत खानेपानी सेवा सुनिश्चितता गर्न र खानेपानी सेवा नपुगेका टोलबस्तीमा खानेपानी सेवा पुर्याउने कार्यका लागि सम्बन्धित निकाय, संघसंस्थाहरुकोसाझेदारीमा योजना तथा कार्यक्रम सञ्चालन गरिन छ।

**३४. विद्युत तथा वैकल्पिक उर्जा :**

१. हालसम्म पनि विद्युत सेवा नपुगेका टोल बस्तीहरुमा विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युतीकरण गरिनेछ।
२. पुर्वीचौकी गाउपालिका क्षेत्रमा विद्युत सव-स्टेशन स्थापना गर्न आवश्यक पहल गरिनेछ।
३. पर्यटकीय क्षेत्र, सार्वजनिकमहत्वका भवन तथास्थान,बजारक्षेत्र, कालोपत्रे सडक क्षेत्रभित्रका टोलबस्ती समुदायकासाझेदारीमा सौर्य सडक बत्ती जडान गन नीति अवलम्बन गरिनेछ।

**३५. शिक्षा, युवा तथा खेलकुद :**

१. ECD देखि कक्षा५ सम्मका बालबालिकाका लागि दिवा खाजाका व्यवस्था गरी विद्याथीउपस्थितीको दर बढाउदै शिक्षाका गुणस्तर अभिवृद्धि गर्न नीति अवलम्बन गरिनेछ।
२. निजी श्रोतबाट सञ्चालित सामुदायिक विद्यालयहरुका शैक्षिक गुणस्तर अभिवृद्धि गर्नअनुदानसहयोगका नीति अवलम्बन गरिनेछ।
३. विद्यालयहरुमा डिजिटल ग्याप न्यूनीकरण गर्न सूचना प्रविधि (E-Learning तथा Talking Teacher) को प्रयोग गरीपठनपाठनको व्यवस्था गर्न पहल गरिनेछ।
४. गाउपालिका भित्रका कुनैपनि बालबालिका गरिवीका कारण कम्तीमा आधारभूत तह सम्मका शिक्षा प्राप्त गर्न अवसरबाट वञ्चित हुनु नपर्ने नीति अवलम्बन गरिनेछ।
५. गाउभित्रका सम्पूर्ण विद्यालयहरुमा सुविधा सम्पन्न पूर्वाधारसहित निशुल्कएव प्राविधिक शिक्षाकाव्यवस्था गर्दै जाने नीति लिइनेछ।
६. शिक्षकहरुलाई सूचना तथा प्रविधि सम्बन्धी तालिम तथा प्रशिक्षणका व्यवस्था गरिनेछ।
७. विद्यालय तथा शिक्षकहरुलाई सिकाइ उपलब्धीका आधारमा प्रतिस्पर्धाका वातावरण, पुरस्कारवादण्डकानीतिअवलम्बन गरिनेछ।SEE परिक्षामा उत्कृष्ट अंक हासिल गर्न विध्यार्थीलाई पुरस्कृत गर्दै जान नीति अवलम्बन गरिनेछ।
८. विपन्न, सिमान्तिकृत, अनाथ, विचैमाकक्षाछाडेका (Drop Out) बालबालिकालाई विद्यालयमाल्याई पठन पाठनका व्यवस्था गरिनेछ।
९. स्थानीय कला र संस्कृतिको संरक्षण र विकास गरिनेछ।आधारभूत तहसम्मका लागि गाउकासामाजिक, आर्थिक, सांस्कृतिक,समस्या र सम्भावनालाई समेटी स्थानीय स्तरका नगदेबाली,स्थानीय भाषिक, संस्कार, संस्कृति समेत समावेशभएकापाठयक्रम तयार गरी अनिवाय रुपमा पठनपाठन गराउन नीति अवलम्बन गरिनेछ।
१०. विद्यार्थी भर्नाअभियानलाई अझप्रभावकारी बनाउन जनप्रतिनिधि, कर्मचारीलगायत सरोकारवालाहरुलाइ परिचालन गरिनेछ।
११. खेलकुदको समुचित विकास गर्न आवश्यकता अनुसार गाउँपालिका खेलकुद समिति वा गाउपालिकास्तरीय खेलकुद परिषद गठन गरी पूर्वाधारको निर्माण तथा टोल, वडा र गाउपालिकास्तरीय खेलकुद प्रतियोगिता संचालन गर्न नीति अवलम्वन गरिनेछ।
१२. विभिन्न अवसरहरुमा गाउपालिका भित्र रहेका विद्यालय, क्लब, संघसंस्थाहरुबीच बार्षिक र अर्धवार्षिकरुपमा गाउपालिकास्तरीय खेलकुदको आयोजना गरिनेछ।

१३. गाउपालिका स्तरीय युवा परिषद गठन गरी युवा स्वरोजगार, सशक्तिकरण तथासामाजिकउत्तरदायित्व बोध गराउन नीति अबलम्बन गरिनेछ।

१४. एक वडा एक खेलकुद मैदान निर्माण गन नीति अबलम्बन गरिनेछ।

**३६. स्वास्थ्य क्षेत्र :**

१. कोभिड १९ कोरोना भाइयसको रोकथाम नियन्त्रण तथा उपचारमाका लागि प्रभावकारी कदम चालिने छ।

२. सबै वडामा आधारभूत स्वास्थ्य सेवा निशुल्क प्रदान गर्ने प्रकृयालाई सुनिश्चितता तथा निरन्तरता दिइनेछ, साथै स्वास्थ्य संस्था टाढाँ भएका जनताहरुका लागि स्थापना भएका सामुदायिक स्वास्थ्य इकाईबाट सबै सेवा दिने पहल गरिनेछ।

३. मातृ तथा शिशु स्वास्थ्यका अवस्थालाई सुदृढ गर्दै नियमित गर्भजाँच, सुत्केरी जाँच तथा स्वास्थ्यकेन्द्रमा सत प्रतिशत प्रसुती गराउन अभियानमा जोड दिइनेछ ।चौविस घण्टे सुत्केरी सेवा केन्द्रलाइ निरन्तरता दिइनेछ ।सुत्केरी भेटकार्यक्रमलाइ निरन्तरता दिईन छ।

४. गाउँघर क्लिनिक तथा खोप क्लिनिकको सेवालाइ नियमित, प्रभावकारी, सहभागितात्मकएव गुणस्तरीय बनाउँदै आवश्यकफर्निचर तथा औजार उपकरणका व्यवस्था गर्दै लगिनेछ।

५. निशुल्क सेवाका औषधीलाइ निरन्तर आपूर्तिका व्यवस्था मिलाईनेछ र नियमित रुपमा स्वास्थ्य संस्थाका अनुगमन तथासहयोगात्मक सुपरिवेक्षक गरिनेछ।उत्कृष्ट स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीलाई पुरस्कृत गर्दै लगिनेछ।

६. स्वास्थ्य वीमा कार्यक्रममा सहभागि हुन विशेष पहल गरिने छ।

७. प्रत्येक वडामा वर्षमा एक पटक स्वास्थ्य शिविर (आधुनिक तथा आर्युवेदिक) सञ्चालन गरिनेछ

८. स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS) लाई व्यवस्थित गनअभिलेख प्रतिवेदनलाइ छिटो छरितो गर्न इन्टरनेट सहितका कम्प्युटर प्रणालीलाइ विस्तार गरिनेछ।

९. स्वास्थ्य संस्थाका भवन निर्माण, मर्मत सुधार तथा विद्युत, खानेपानीको नियमित आपूर्तिका साथै आवश्यक औजार उपकरणकाव्यवस्था गरिनेछ।

१०. गैर सरकारी संस्थाहरुले संचालन गर्न स्वास्थ्य कार्यक्रमहरुमा दोहोरोपना आउन नदिन एकद्धार नीति अवलम्बन गरिनेछ।

११. विद्यालयस्तरमा नियमित रुपमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण गरिनछ।वर्षको दुईपटक हुन विद्यालय स्वास्थ्य तथा पोषण सप्ताहलाइ निरन्तरता दिइनेछ।विध्यालयमा आवस्यक पर्ने सेनिटरी प्याड वितरणका व्यवस्थालाई निरन्तरता दिइनेछ।

**३७. उद्योग, पर्यटन प्रर्वद्धन तथा संस्कृति :**

१. स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगका विकास र प्रवद्र्धनमा जोड दिइनेछ।

२. पर्यटक र पर्यटनसँग सम्बन्धित उद्योगधन्दा, होटल, घरबास(Home stay) लगायत सेवाप्रदायक उद्योगहरु स्थापना गर्न प्रोत्साहित गरिनेछ।

३. स्थानीय स्तरमा रहेका सहकारी संस्थाहरुसँग भएका पुँजीलाई उत्पादन मूलक क्षत्रमा लगानी गन प्रोत्साहित गरिनेछ।

४. गाउपालिका स्तरीय संग्रहालय निर्माणका लागि पहल गरिनेछ ।

५. प्रचलित कानुन बमोजिम स्वीकृति नलिएका, दर्ता नभएका व्यवसायहरुलाइ अनिवाय रुपमा दर्ता गराउन सचेतना गराईनेछ।

६. पर्यटकमैत्री बानी व्यवहार (अतिथि सत्कार, सरसफाई आदि) सुधार, सीप तथा तालिमका कार्यक्रमका सञ्चालन गर्ने गराउने नीति अबलम्बन गरिनेछ ।

**३८. सूचना संचार तथा प्रविधि विकास :**

१. विद्युतीय शासन प्रणाली मार्फत गाउपालिकाका कार्यक्रम तथा सूचनालाई प्रर्वद्धन गन नीति अनुरुप वेबसाइट अध्यावधिक गर्नेतथा सञ्चार माध्यमहरु मार्फत सूचना प्रकाशन गर्न नीति अवलम्बन गरिनेछ ।

२. गाउँपालिकालाई सुचना प्रविधि मैत्री बनाउनको लागि आवश्यक हाडर्वयर तथा सफटवयर व्यवस्था गन नीति अवलम्बन गरिनेछ ।

३. गाउपालिकाका सवैवडा कार्यालयलाई इन्टरनेटका माध्यमबाट गाउपालिकाको कार्यालयसँग नेटवर्किङ गरिने नीति अवलम्बन गरिनेछ ।

४. जनप्रतिनिधि तथा कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउन कम्प्युटर, इन्टरनेट तथा विभिन्न क्षमता विकास सम्बन्धी तालिमसञ्चालन गरिनेछ ।

५. गाउँपालिकाभित्रका सबै वडाहरुमा अनलाईन घटना दर्ता गर्न पहल गरिनेछ ।

**३९. संस्थागत विकास तथा मानव संसाधन :**

१. सबै वडाको वडा प्रोफाइल (बालमैत्री, वातावरण सम्वन्धी तथ्यांक सहित) बनाई एकिकृत गाउपालिका प्रोफाइल तयार गरिनेछ ।

२. गाउपालिका कार्यालय, वडा कार्यालय रविषयगत शाखा कार्यालयहरुका कर्मचारीहरुमा चेनअफ कमाण्ड, सेवाग्राही प्रतिउत्तरदायी व्यवहार अवलम्मवन र कर्मचारी आचारसंहिता निर्माण गरी कार्यान्वयन गरिनेछ ।

३. कर्मचारीहरुलाई समय सापेक्षित विभिन्न सीपमूलक तथा क्षमता अभिबृद्धि तालिम कार्यक्रममा सहभागी गराइनेछ ।

४. शाखा प्रमुखहरुसँग कार्यसम्पादन करार गरी काम गन कार्यको थालनी गरिनेछ साथै कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्न नीति अवलम्बन गरिनेछ ।

५. अस्थायी र करारमा कार्यरथ कर्मचारीहरुलाई निवृत्त हुँदा खाली हात नपठाउन नीति लिइने छ।

६. कर्मचारीहरुलाई कामका प्रकृति, कार्य सम्पादन र कार्यबोझका आधारमा प्रोत्साहन स्वरुप भत्ता तथा सुविधा उपलव्ध गराइनेछ ।

७. न्यायीक समितिमा करार सेवाको अधिकृत स्तरको कर्मचारीको व्यवस्था गर्ने निति लिइनछ ।

**४०. राजस्व परिचालन :**

१. गाउपालिकाका आन्तरिक आय सबल बनाउन राजस्वमा सुधार गर्न राजश्वका दायरा फराकिला बनाई करअसुलीलाई प्रभावकारी बनाईने तथा राजश्वका सम्भाव्य क्षेत्रहरुका पहिचान गरिनेछ।

२. लेखा परिक्षणबाटऔल्याइएका सुझाबहरुलाई आगामी दिनहरुमा कायान्वयन गर्दै बक्यौता, बेरुजु एव पेश्की फछयौट गर्ने कार्यलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

**४१. सम्बन्ध सहकार्य तथा साझेदारी :**

१. गाउपालिका क्षेत्रभित्र उच्च शिक्षा सञ्चालन गर्न विश्वविद्यालय, तालिम केन्द्र जस्ता प्राज्ञिकसंस्थाहरु तथा निकायहरुसँगसहकार्य गर्ने नीति अघि सारिनेछ ।

२. देशभित्रका नगरपालिका र गाउँपालिकाहरु सँग भगिनी सम्बन्ध कायम गरि र आगामीवर्षहरुबाट यस गाउपालिका रनगरपालिका सँगका भगिनी सम्बन्धलाई निरन्तरता दिँदै लगिनेछ

**४२. सामाजिक परिचालन तथा सामाजिक सशक्तिकरण :**

१. सामाजिक परिचालनका माध्यमबाट सामाजिक, आर्थिक रुपल पछि परेका समुदायहरुको सशक्तीकरण गरी विकासको मूल प्रवाहमा समाहित गन नीति अवलम्बन गरिनेछ ।

२. वडा समितिहरुसँग समन्वय गरी टोल विकास संस्था निर्माण तथा परिचालन अभियानको रुपमा संचालन गरिनेछ ।

३. समाजमा हुने फौजदारी प्रकृति बाहेकका सानातिना विवाद स्थानीय स्तरमा न मेलमिलापकर्ताका माध्यमद्वारा मेलमिलाप गन गराउन वडास्तरीय संयन्त्र परिचालन गरिनेछ।

**४३. महिला तथा बालबालिका :**

१. महिलाहरुलाइ स्वरोजगार र आत्मसम्मानित बनाउनका लागि महिलाहरुका नाममा दता हुनेउद्योग व्यवसायमा ५० प्रतिशत शुल्क छुट गरिनेछ ।

२. एकल महिला, दलित महिलाहरुलाई लक्षित विविध कार्यक्रम कार्यान्वयन गरिनेछ।साथै मनोसामाजिक परामर्श सहयोग कार्यक्रम संचालनका लागि समन्वय गरिने छ।

३. विद्यालय विमुख किशोरीहरुलाई जीवन उपयोगी तथा किशोरी परामश तथा आत्मरक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

४. गम्भीर प्रकृतिका रोग लागेका र हिंसामा परेका महिलाहरुका लागि सुविधा तथा राहत उपलब्ध गराउन पहल गरिनेछ ।

५. लैङ्गिक हिंसा र घरेल हिंसा रहित समाज निर्माण गर्नका लागि आवश्यक कार्यक्रमहरु गरिन छ ।

६. बालबालिकाहरुलाई भविष्यका कर्णधारका रुपमामात्रहैनवर्तमानमा विकासको साझेदारकारुपमा लिइनेछ ।बालबालिकाहरुसँगसम्बन्धित विषयकानीति कार्यक्रमबनाउदा बालबालिकाहरुको संस्थागत सहभागिता गर्न गराउने नीति अवलम्बलन गरिनेछ ।

७. गाउपालिका क्षेत्र भित्रका बालबालिकाहरुको चौतर्फी विकासकालागिबालबालिकाकोआचारसंहिता बनाई लागू गर्ने नीति अवलम्वन गरिनेछ ।

८. बालबालिकामा पर्नसक्ने मनोसामाजिक असर प्रभावलाई कम गर्न सामुदायिक विद्यालयकाबालमैत्री कक्षा, शिक्षकरबालविकास केन्द्रका सहयोगी शिक्षिकालाई सामाजिक स्वास्थ्य सम्बन्धी तालिम सञ्चालन गर्ने नीति लिइनेछ ।

९. बालविवाह नियन्त्रण गन अभियानहरु संचालन गन निति लिइने छ ।

## ४४. विपन्न जाती, दलित, अपाङ तथा जेष्ठ नागरिक :

१. दलित समुदायका परम्परागत पेशा, कला र सीप संरक्षण सम्बद्र्धन गर्दै तिनको क्रमशःआधुनिकीकरण र व्यवसायीकरण गर्न नीति अवलम्बन गरिन छ ।

२. दलित वर्गका जीवनयापन सहज बनाउने, सचेतना तथा सीप विकास जस्ता कार्यक्रम सञ्चालन गन गराउन नीति रहन छ ।

३. अपाङ्गहरुका चौतर्फी विकास गर्न अपाङ्ग लक्षित कार्यक्रम सञ्चालन गन नीति रहनेछ ।

४. अपाङ्गता भएका व्यक्तिहरुका सीप र कलालाइ उच्च प्राथमिकतामा राखिन छ ।

५. गाउपालिकाभित्र रहेका जेष्ठ नागरिकहरुलाई सम्मान गर्दै वहाँहरुसँग भएका ज्ञान तथा अनुभवनया पुस्तालाई हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।

६. जेष्ठ नागरिकहरुका स्वास्थ्य जटिलतालाई ध्यानमा राखी स्वास्थ्य शिविर संचालन गरिनेछ ।

७. आफ्नो घरका जेष्ठ नागरिकहरुलाइ उत्कृष्ट हेरचाह गन परिवारका सदस्यहरुलाइ छनौट गरी गाउपालिकाले सम्मान गर्ने नीति अवलम्बन गरिनेछ ।

८. प्रत्येक वडा समिति मार्फत प्रत्यक टोल वस्तीमा क्रमशः जेष्ठ नागरिक चौतारी निर्माण गरिने नीति अवलम्बन गरिनेछ।जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गन नीति रहन छ ।

९. गाउपालिका स्तरिय ज्येष्ठ नागरिक भेटघाट प्रतीक्षालय भवन निर्माणको लागिउपयुक्त स्थानकोछनौट गरि भवन निर्माणका लागि पहल गरिनेछ ।

## ४५. गैर सरकारी संस्था :

१. एकद्धारप्रणाली मार्फत गाउपालिकाको नीति कार्यक्रममा सहयोग पुर्याउन खालका कार्यक्रमसञ्चालन गर्न गैरसरकारीसंस्थालाई मात्र स्वीकृति दिने नीति अवलम्बन गरिनेछ।

२. गैर सरकारी संस्थालाई विकासका साझेदारको रुपमा व्यवहार गन नीति अवलम्बन गरिनेछ ।

३. गाउपालिका भित्र सक्रिय रुपमा सञ्चालनमा रहेका सहकारी लगाएतका संघसंस्थाहरुलाई गाउँपालिकामा स्थापित गर्न आवश्यकता हेरिजग्गा, भवनतथा आवश्यक सहयोग गर्रिदै लागिनेछ ।

## ४६. प्रधानमन्त्री रोजगार कार्यक्रम :

१. गरिबी र बेरोजगारीका अन्योन्याश्रित सम्बन्ध हुने भएकाले वास्तविक विपन्न तथा बेरोजगारव्यक्ति पहिचान गरी रोजगारसेवा केन्द्रमा सूचीकृत गरिनेछ ।

२. सूचीकृत बेरोजगारव्यक्तिहरूलाईन्यूनतमरोजगारीकाप्रत्याभूति गर्न स्थानीय आयोजनाहरूमा श्रममूलक प्रविधिको प्रयोग गरिनेछ ।

३. गाउँपालिका तथा वडा स्तरीय नियमित विकास निर्माणका आयोजनाहरूमारोजगार सेवा केन्द्रमासूचीकृत सम्बन्धित वडाका बेरोजगार व्यक्तिहरूलाइ पहिलो प्राथमिकता दिइनेछ।

४. श्रम बजारमा हस्तक्षेप गरी गाउँपालिकाभित्र सञ्चालन हुने सङ्घ, प्रदेश तथा अन्य निकायकाआयोजनाहरूमा यसगाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाईनै खटाउन नीति अनिवार्य गरिनेछ ।

५. आन्तरिक रोजगारी सिर्जनाका लागि स्थानीय तहका निजी तथा गैरसरकारीसंस्थाहरूसँगसमन्वय, साझेदारीरसहकार्य गरिनेछ ।

६. विश्वव्यापी महामारी कोभिड१९ का कारण वैदेशिक रोजगारीमाजान नपाएका तथा विदेशबाटफर्किन बाध्य भएकाव्यक्तिहरूलाई सुचीकृत गरी विशेष प्राथमिकताका साथ न्यूनतम रोजगारी प्रदान गरिनेछ।
७. सङघीय सरकार तथा प्रदेश सरकारबाटल्याइएका रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तारगरिनेछ।
८. विश्व बैंकको ऋण सहायता अन्तर्गतका युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना र पधानमन्त्री रोजगार कार्यक्रमकाकामका लागि पारिश्रमिकमाआधारितसामुदायिकआयोजनामाज्याला बाहेकको अतिरिक्त भारमा साझेदारी गरी वेरोजगारसूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन अनुसार प्राथमिकता सूचीका व्यक्तिलाइ खटाइ आयोजना सञ्चालन गरिनेछ।
९. रोजगार सेवा केन्द्रलाई थप सुदृढीकरण गरी श्रम बैंक तथा रोजगार सूचना केन्द्रको रूपमाविस्तार गरी रोजगारी प्राप्तीलाइसहज बनाइनेछ।

**अन्य नीति :**

१. विवादरहित समाज निर्माण गर्नका लागि मेलमिलाप केन्द्रहरुलाई प्रोत्साहन गर्न तथा मेलमिलाप कर्ताहरुलाई परिचालन गर्न कार्यक्रमहरु संचालन गरिने छ।
२. गाउँपालिकाकोसम्पुर्ण नागरिकहरुलाई न्यायीकअधिकारबारअभियानहरुसंचालन गरिने छ।
३. मेलमिलाप कर्ताहरुलाइ पुर्नताजकि कार्यक्रम निरन्तरता दिन निति लिइनेछ।
४. गाउँपालिका भित्रका सहकारीको विवरण संकलन गरी प्रभावकारी रुपमा संचालन गरिने छ साथै सहकारीहरुलाइ क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिने छ।

**अव म यस पुर्विचौकी गाउँपालिकाको आ.व. २०७८|०७९ मा २०७८ साल श्रावण १ देखि २०७८ पौष २५ गते सम्म (जम्मा ६ महिना) को बिषयगत क्षेत्रको यथार्त प्रगति विवरण प्रस्तुत गर्न चाहन्छु :**

➢ **वित्तिय प्रगति :**

पुर्विचौकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, डोटी
कार्यालयको कोड ८०७७१५०४३०० :

Sectors wise Budget vs Expenditure

रु.

आ.व. २०७८|७९ महिना :सबै अवधी : २०७८/४|१ देखि २०७९/९/२५ सम्म

| सि.नं. | क्षेत्रउप क्षेत्र/ | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| **१** | **आर्थिक विकास** | **५,२४,९६,०००** | **६५,८९,२२५** | **१२५५.** | **४,५९,०६,७७५** |
| १ | कृषि | १,२०,२५,००० | २६,६९,९०५ | २२२. | ९३,५५,०९५ |
| २ | उद्योग | ३३,००,००० | ३,१९,३२० | ९६८. | २९,८०,६८० |
| ३ | पर्यटन | ७७,५०,००० | ३३,५०,००० | ४३२३. | ४४,००,००० |
| ४ | सहकारी | २,८०,००० | २,५०,००० | ८९२९. | ३०,००० |
| ५ | जलश्रोत तथा सिंचाई | २,७४,८१,००० | ० | ० | २,७४,८१,००० |
| ६ | बन | १,००,००० | ० | ० | १,००,००० |
| ७ | पशुपन्छी विकास | १,६०,००० | ० | ० | १,६०,००० |
| ८ | भूमि व्यवस्था | १४,००,००० | ० | ० | १४,००,००० |
| **२** | **सामाजिक विकास** | **१८,४८,९२,०००** | **४,८९,९८,२२८१२.** | **२६५.** | **१३,५८,९३,७७१८८.** |
| १ | शिक्षा | १४,१३,३१,००० | ४,३८,२७,२४३ | ३१०१. | ९,७५,०३,७५७ |
| २ | स्वास्थ्य | २,२३,०९,००० | ३९,०१,७९५१२. | १७४८. | १,८४,०७,२०४८८. |
| ३ | खानेपानी तथा सरसफाई | १६,००,००० | १,८०,००० | ११२५. | १४,२०,००० |
| ४ | भाषा तथा संस्कृति | ७,६०,००० | ७०,००० | ९२१. | ६,९०,००० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ४८,०७,००० | १,५८,३०० | ३२९. | ४६,४८,७०० |
| ६ | युवा तथा खेलकुद | २५,४०,००० | ३,००,००० | ११८१. | २२,४०,००० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | १,१५,४५,००० | ५,६०,८९० | ४८६. | १,०९,८४,११० |
| **३** | **पूर्वाधार विकास** | **५,७७,५८,०००** | **८९,८१,८८६** | **१५५५.** | **४,८७,७६,११४** |
| १ | यातयात पूर्वाधार | १,९५,९३,००० | ८,०२,८०९ | ४०९. | १,८७,९०,१९१ |
| २ | भवन, आवास तथा सहरी विकास | २,८१,८५,००० | ७१,३९,९०० | २५३३. | २,१०,४५,१०० |
| ३ | उर्जा | ४१,३०,००० | ९,९३,०७३ | २४०५. | ३१,३६,९२७ |
| ४ | संचार तथा | १६,५०,००० | ४६,१०४ | २७९. | १६,०३,८९६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | सूचना प्रबिधि | | | | |
| ५ | सम्पदा पूर्वाधार | ४२,००,००० | ० | ० | ४२,००,००० |
| **४** | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | **१,७४,५०,०००** | **१,२९,२२०** | **०७४.** | **१,७३,२०,७८०** |
| १ | वातावरण तथा जलवायु | १,५०,००,००० | ० | ० | १,५०,००,००० |
| २ | विपद व्यवस्थापन | २,५०,००० | ० | ० | २,५०,००० |
| ३ | कानुन तथा न्याय | ५,००,००० | ० | ० | ५,००,००० |
| ४ | शासन प्रणाली | ३,००,००० | ० | ० | ३,००,००० |
| ५ | तथ्यांक प्रणाली | १३,००,००० | १,२९,२२० | ९९४. | ११,७०,७८० |
| ६ | गरिबी निवारण | १,००,००० | ० | ० | १,००,००० |
| **५** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **१०,०६,३२,९०१७३.** | **३,३५,५७,३८९** | **३३३५.** | **६,७०,७५,५१२७३.** |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १०,०६,३२,९०१७३. | ३,३५,५७,३८९ | ३३३५. | ६,७०,७५,५१२७३. |
| **कुल जम्मा** | | **४१,३२,२८,९०१७३.** | **९,८२,५५,९४८१२.** | **२३७७.** | **३१,४९,७२,९५३६१.** |

- **दर्ता चलानी**

  १. पुर्विचौकी गाउँपालिका अन्तर्गत यस आ.व. २०७८|७९ मा मिति २०७८ साल श्रावण १ गते देखि २०७८ साल पौष २५ गते सम्म जम्मा चलानी पत्र संख्या ५६८ रहेका छन् भने पत्र दर्ता संख्या जम्मा ९६९ रहेका छन्|

- **भौतिक प्रगति विवरण**

  १. गाउँपालिकाका जम्मा योजना ४११ वटा रहेका छन्|
  २. जम्मा काम सम्पन्न योजना -४ वटा
  ३. जम्मा सम्झौता भएका योजनाहरु – ३३ वटा
  ४. चिनेकोट -काडामान्डौ सडक सरसफाई
  ५. गाजरी -पोखरी अवरुद्ध सडक सुचारु
  ६. जौमाला -पोखरी अवरुद्ध सडक सुचारु
  ७. सानागाउँ –सिमलडाडा –गाजरी अवरुद्ध सडक सुचारु

८. तल्लो फुलौट-भराड सडक अवरुद्ध सडक सुचारु

९. खिर्सैन-छेप्लाड़ी अवरुद्ध सडक सुचारु

१०. साजघाट-गैरागाउँ-वडा कार्यालय अवरुद्ध सडक सुचारु

**अन्त्यमाः**

योजनाको तर्जुमा जस्तै यसको कार्यान्वयन पनि महत्वपूर्ण पक्ष हो। हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रमहरु सम्पादन गर्न हाम्रो सहकार्य साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ। अतः यस अवसरमा पूर्वीचौकी गाउँपालीकाले विकासमा प्रभावकारी भुमिका खेल्न सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय, अन्तराष्ट्रिय संघ संस्थाहरु, टोल विकासका संस्थाहरु लगायत अन्य सम्पुर्ण सरोकारवालाहरुलाई यसै मञ्चबाट हार्दीक धन्यवाद दिन चाहान्छु।

आज भएको प्रस्तुत बजेट गाउँसभाले स्वीकृत गर्न साथ यस गाउँपालीकाको वेव साइटमा अपलोड गर्ने व्यहोरा निवेदन गर्दछु। अतः प्रस्तुत बजेट कार्यान्वयनमा सबै क्षेत्र र तहको पूर्ण सहयोग रहने छ भन्ने विश्वास लिएको छु। यस बजेटको सफल कार्यान्वयनबाट पूर्वीचौकी गाउँपालीकाको समावेशी र सन्तुलित विकासमा सघाउ पुग्ने, आर्थिक वृद्धिदरलाई मद्दत पुग्ने, रोजगारी अभिवृद्धि हुने र राजस्व अभिवृद्धि गर्न मद्दत पुग्ने विश्वास लिएको छु।। नीति, बजेट तथा कार्यक्रमहरु निर्माण गर्ने शिलशिलामा राजस्व परामर्श समिति स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, विषय क्षेत्रगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सदस्यहरु गाउँपालीकाका कर्मचारीहरु, गाउँसभाका सदस्य ज्युहरुको एकता, सम्वेदनशिलता तथा क्षेत्रगत सुचनाको जानकारी सहभागीता एवम् पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपुर्ण रह्यो। नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने सम्पुर्ण राजनितिक दलहरु, सरकारी तथा गैर सरकारी संस्थाहरु, नागरीक समाज, उद्योगी, व्यावसायीहरु, बुद्धिजिविहरु, सञ्चारकर्मीहरु, सम्पुर्ण राष्ट्र सेवक कर्मचारी साथीहरु तथा गाउँपालीका बासी आमाबुवा, दाजुभाइ, दिदिबहीनी तथा ईष्ट मित्रहरुमा हार्दीक आभार व्यक्त गर्दै विगतका वर्ष झै यो वर्ष पनि सहयोग प्राप्त भइरहने आशा एवम् विश्वास गरेको छु। संसार भरी फैलिएको Corona Virus (Covid-19) बाट संक्रमित सम्पुर्ण देश तथा विदेशमा रहेका व्यक्तिहरुको स्वास्थ्य लाभको कामना गर्दै स्वच्छ देश र स्वच्छ पुर्वीचौकीका लागि हार्दिक कामना गर्न चाहान्छु।

**धन्यवाद !**

**पूर्वीचौकी गाउँपालीका अध्यक्ष**
**दिर्घ राज बोगटी**